# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



भगवान् बुद्धलाई विहार बनाईदिनका लागि जेतकुमारको उद्यान खरिद गर्ने सिलसिलामा उक्त भूमीमा सुनका सिक्काहरु बिछ्याउन लगाउँदै दाता अनाथपिण्डिक


वर्षः ४१, अङ्कः १०

बु.सं. २५६७, मिला पुन्हि

# श्रद्धाञ्जली सभा



ओवाद दिनुहुँदै श्रद्धेय धम्मवती गुरुमां



दिवंगत मोतिकाजी शाक्य

*२०८० पौष १० गते, मंगलवार*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

धर्मकीर्ति विहार संरक्षण कोषका कार्यकारिणी सदस्य, श्रद्धेय धम्मवती गुरुमांका कान्छा भाई मोतिकाजी शाक्य मिति २०८० आश्विन २२ गते, सोमवारका दिन दिवंगत हुनुभयो । धर्मकीर्ति विहार संरक्षण कोषका लागि उहाँले पुऱ्याउनु भएको अमूल्य योगदानलाई स्मरण गरी यस कोषले उहाँको पुण्य स्मृतिमा उहाँलाई सुगति एवं निर्वाण हेतु प्राप्त होस् भन्ने कामना गरी श्रद्धाञ्जली सभाको आयोजना गरियो ।



शोक प्रत्र प्रदान गर्नुहुँदै धम्मवती गुरुमां



श्रद्धाञ्जली कार्यक्रम सञ्चालन गर्नुहुँदै प्रफुल्ल कमल ताम्राकार



शोक प्रत्र वाचन गर्नुहुँदै अरुणसिद्धि तुलाधर



मन्तव्य व्यक्त गर्नुहुँदै सिद्धार्थ शाक्य

कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नुभएको उक्त सभा धम्मवती गुरुमांले दीयो बाली शुभारम्भ गर्नुभयो भने कोषका पदाधिकारीहरूबाट दिवंगत मोतिकाजी शाक्यको तस्विरमा फूल र खादा अर्पण गरी श्रद्धाञ्जली चढाइयो । त्यसपछि धर्मकीर्ति विहारका विभिन्न इकाईहरूबाट पनि श्रद्धाञ्जली अर्पण गरियो भने सो पश्चात् उपासक मोतिकाजी शाक्य

क्रमश: १७ पेजमा हेर्नुहोला ।

# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**25th JANUARY 2024**

| वर्ष- ४१ | अङ्क- १० | मिला पुन्हि | माघ २०८० |
|---|---|---|---|


**यो च गाथासतं भासे - अनत्थपदसंहिता**
**एकं धम्मपदं सेय्यो - यं सुत्वा उपसम्मति**

**अनर्थपदं युक्तगु गाथा सलंसः ब्वनेगुयासिनं, धर्मपदं युक्तगु गाथा छपुजक ब्वनेगु उत्तम, गुगु खँ न्यनाः शान्ति प्राप्त जुई ।**

**अर्थरहित हजार श्लोक पढ्नु भन्दा, अर्थ सहित शान्ति प्राप्त हुने एउटा धर्मपद पढ्नु बेश छ ।**

Though a man recites a hundred poems made up of senseless words, one word is better, which if a man hears, he becomes quiet.


*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोनः ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६७
नेपाल सम्बत् ११४४
इस्वी सम्बत् २०२४
बिक्रम सम्बत् २०८०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय "अनाथपिण्डिक" | – स.ना.गो., अनु. वीर्यवती गुरुमां | २ |
| ३) | सम्पादकीय- मानसिक सुखका पहिलो खुड्किलो आचरण शुद्धि | – | ३ |
| ४) | मंगल होस् | – सत्यनारायण गोयन्का | ४ |
| ५) | सम्राट अशोक-३ | – आचार्य भिक्षु अमृतानन्द | ५ |
| ६) | बुद्धकालिन सँस्कृति | – भिक्षु अश्वघोष महास्थविर | ७ |
| ७) | स्नेही छोरी "कठिन निर्णय-२" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | १० |
| ८) | बुद्ध वर्ग | – सत्यमोहन जोशी | १२ |
| ९) | बुद्ध धर्म व प्रकृति | – प्रेमलक्ष्मी तुलाधर | १३ |
| १०) | धर्मकीर्ति समाचार | – | १५ |


*आवरण चित्र परिचय*

# अनाथपिण्डिक

**– आचार्य सत्यनारायण गोयन्का**
**अनुवादः वीर्यवती**

श्रावस्तीबाट आफ्नो ससुराली राजगृह नगरमा आइपुगेका अनाथपिण्डिकले संसारमा भगवान् बुद्ध उत्पन्न हुनुभएको समाचार सुन्ने मौका पाए। त्यतिमात्र होइन उहाँ भगवान् बुद्ध उहाँको सालाको भोजन निमन्त्रणा स्वीकार गर्नुभई आउँदै हुनुहुन्छ भन्ने समाचार पनि सुनेका थिए। त्यसैले अनाथपिण्डिक भगवान् बुद्ध दर्शन गर्नको लागि ज्यादै उत्सुक भइरहेको थियो। त्यसैले एकाबिहानै शुभ प्रभात हुनु अगावै अँध्यारोमा नै उनी नगर बाहिर भगवान् बुद्ध विराजमान भइरहनुभएको शीतवनमा पुगे।

भगवान् बुद्धले उनलाई बोलाउँदै भन्नुभयो– "आऊ, सुदत्त"।

भगवान् बुद्धले आफ्नो नाम लिएर बोलाउनु भएको सुनी अनाथपिण्डिक हर्ष विभोर हुनथाल्यो। त्यही समयमा भगवान् बुद्धले उनलाई धर्मकथा सुनाउनु भयो। यो सुनी अनाथपिण्डिकको मन शान्त, प्रसन्न र निर्मल हुन थाल्यो।

आफ्नो पूर्व पारमीको कारण भगवान् बुद्धको वाणी सुन्दा सुन्दै उसको मन भित्र अनित्यबोध जाग्यो र उनी पृथग्जनबाट स्रोतापन्न भयो। भाव विभोर हुँदै उसले भोलीपल्टको लागि भगवान् बुद्धलाई भोजन निमन्त्रणा गरे। भगवान् बुद्ध मौन रहनु भई भोजन स्वीकार गर्नुभयो।

भोलीपल्ट भोजन गर्नुभएपछि भगवान् बुद्धले धर्म उपदेश दिनुभयो। तब अनाथपिण्डिकले भगवान् बुद्धलाई प्रार्थना गर्नुहुँदै भन्नुभयो– "भन्ते भगवान्, भिक्षु संघ सहित हाल आउँने वर्षावास श्रावस्तीमा रहनहुनको लागि स्वीकार गर्नुहोस्।"

भगवान् बुद्धले स्वीकार गर्नुहुँदै भन्नुभयो– "हे गृहपति! तथागत सून्यागार, अर्थात् एकान्तमा रहन चाहन्छ।"

अनाथपिण्डिक प्रफुल्ल हुँदै भन्नुभयो– "थाहापाएँ भगवान्, बुझें सुगत।"

त्यसपछि श्रावस्तीमा गई भगवान् बुद्ध रहनको लागि उपयुक्त स्थान खोज्न थालियो। यसको लागि नगरबाट न अति टाढा, न अति नजिक, जहाँ मानिसहरू आउनको लागि सुगमता होस्, जहाँ दिउँसो धेरै भीडभाड नहोस् र राती पनि धेरै हल्ला नहोस्। फलस्वरूप ध्यान गर्नको लागि अनुकुल होस्।

अनुकुल स्थान खोज्दा खोज्दै उनलाई जेत राजकुमारको उद्यान अनुकुल हुने जस्तो लाग्यो। यो भूमी किन्नको लागि अनाथ पिण्डक जेत राजकुमार समक्ष

*( क्रमशः पेज २४ मा हेर्नुहोला )*

▪ सम्पादकीय ▪

# मानसिक सुखका पहिलो खुड्किलो आचरण शुद्धि

मानव जीवन सुचारुरूपले सञ्चालन गर्नको लागि भौतिक सुखको रूपमा गाँस, बास, कपास र औषधीको आवश्यकता परे जस्तै त्यही मानव समुदायमा एक मानिसले मानसिक सुख र शान्तिको श्वास फेर्नको लागि उसको मन निर्दोष र इमान्दार हुन नितान्त आवश्यक हुन्छ। किनभने मन जति पवित्र हुन्छ त्यति नै उसको शरीरमा शुद्ध रगत उत्पन्न गर्न मद्दत पुग्छ। मनको प्रभाव शरीरमा परिरहेको हुन्छ।


प्रकृतिको यस नियमलाई बुझ्न नसक्दा आजभोली बढी भन्दा बढी मानिसहरू मानसिक भन्दा पनि भौतिक सुख, सुविधा र विलासी जीवनको आशामा मात्र रूमल्लिरहेका देखिन्छन्। भौतिक सुख मात्र भएर हामीलाई पुग्दैन। मनको सुख झन आवश्यक भइरहेको हुन्छ। भौतिक सुख पनि नभई हुँदैन। तर सम्पूर्ण सुख भौतिक सुख नै ठान्नु मूर्खतापूर्ण विचार ठहरिने छ। त्यसैले मनको सुख खोज्नको लागि आ-आफ्नो मनमा लुकिराखेका दुषित आचरणहरूलाई हटाउँदै हामीले आ-आफ्ना बानी व्यवहारहरूलाई सुधार्न अति आवश्यक रहेको देखिन्छ। आफ्नो खराब नियतले अरूलाई हानी पुग्ने गरी गरिएका कुरा र कामको नतिजा आफैले भोग्नुपर्ने प्राकृतिक नियमलाई बुझ्न नसक्दा वा बुझ्न नै नचाहँदा पनि यस संसारमा मानिसहरूले आ-आफ्ना आचरण सुधार्न सकिरहेका छैनन्। अझ आफ्नो स्वार्थ पूर्तिको लागि अरूलाई पुऱ्याइएका हानी र गलतीहरू अरूले थाहा पाउलान् भनी ढाकछोप गर्न पछि पर्दैनौं हामी। तर जति आफ्नो दोषहरू छोप्न खोजिन्छ, त्यति नै खराब कार्यहरूको संख्या बढ्दै जान्छन्। जति जति आफूबाट गलत कार्यहरू गरिन्छन्, त्यति त्यति नै त्यसका खराब नतिजाहरूका हकदार व्यक्तिलाई प्रकृतीले लखेटी लखेटी भोगाइरहेको हुन्छ। राम्रो कार्यको राम्रै नतिजा भने नराम्रो कार्यको नराम्रै नतिजा। कसैलाई भेदभाव गर्दैन प्रकृतीले। प्रकृतीको यस सत्य नियमलाई बुझ्न नसकी र बुझ्न नचाहेकै कारणले धेरै जसो मानिसहरूले आफ्नो विवेक बुद्धि गुमाई आफूमाथि आइपरेका दुःख, आपद विपदको दोष अरूलाई दिंदै अझ अशान्तिको वातावरण सृजना गरिरहेका हुन्छन्। तर जति अरूलाई दोष दिइन्छ, त्यति नै आफ्नो मनमा द्वेषरूपी अशान्तिले पोलिरहेको हुन्छ।

त्यसैले आफ्नो मनलाई सुख शान्ति दिलाउनको लागि भगवान् बुद्धले देखाउनु भएको मुक्ति मार्गको पहिलो खुड्किलो नै आचरण सुद्धि (राम्रो बानी व्यवहार) रहेको छ। किनभने आचरण शुद्ध नभएसम्म हामीले आफ्नो मन पवित्र पार्न कदापि सक्दैनौं। मन नै दूषित र कलुषित रहेसम्म उक्त मनको शान्ति कोशौं टाढा भाग्ने हुन्छ। त्यसैले भगवान् बुद्धको जात सोध्न आएका एक अज्ञानी व्यक्तिलाई भगवान् बुद्धले यसरी उत्तर दिनुभएको थियो – "जात नसोध आचरण सोध्ने गर"

भगवान् बुद्धले आचरण शुद्धिलाई जोड दिनु हुँदै निम्न उल्लेखित बानी व्यवहार मानवहरूले अनिवार्य रूपमा पालन गर्न सल्लाह दिनु भएको छ।

१) कसैलाई पनि कुभलो चिताई दुःख, कष्ट र पीडा पुग्ने कार्य नगरौं।
२) कसैको पनि चीज वस्तु नचोरौं, नछलौं, नठगौं।
३) भोग वासनाको पछि लागि व्यभिचार कार्य नगरौं।
४) आफ्नो स्वार्थ पूर्ति गर्ने चेतनाले अरूलाई हानी पुग्ने कडा वचन, असत्य वचन, चुक्ली वचन र काम नलाग्ने वकवास वचनहरू प्रयोग नगरौं।
५) शरीर र मन वेहोश पार्ने मद्यपान र लागु पदार्थ आदि सेवन नगरौं।

माथि उल्लेखित प्राकृतिक नियम पालन भएका व्यक्तिहरूको मन निश्वार्थ र इमान्दार रहने भएको कारणले उनीहरूलाई मनको शान्ति स्वतः नै प्राप्त भइरहेको हुन्छ। नविराउनु नडराउनुको अर्थ यहाँ प्रस्तुत भइरहेको छ। यस्ता व्यक्तिहरू विश्वास पात्र हुने भएकोले आजको समाजमा यी व्यक्तिहरू असल साथीको रूपमा लिन सकिन्छ। भगवान् बुद्ध भन्नुहुन्छ "विस्सासा परमा ञाती" जो व्यक्ति विश्वास गर्न योग्य र इमान्दार हुन्छ त्यहि व्यक्ति असल र परम मित्र हुन्छ। विश्वास घाती वेइमान व्यक्तिहरूको कारणले नै परिवार, समाज, देश र विश्वमा नै अशान्ति र दुःख फैलिरहेको हुन्छ। आजको संसारमा यस्तै विश्वास पात्र र चरित्रवान व्यक्तिको खाँचो छ। ■



# मंगल होस्

✍ सत्यनारायण गोयन्का

मित्र उही हुन्छ जो मंगलमा सहायक हुन्छ, कल्याणकार्यमा सहयोगी हुन्छ, भलाईहुने कार्यमा साथी हुन्छ । यस्तो व्यक्ति जो सुकै भए पनि हाम्रो हितैषी हुन्छ । उनी प्रति कृतज्ञतापूर्ण मंगल मैत्रीको सद्भाव राख्नु नै सर्वथा उपयुक्त हुन्छ, सर्वथा समीचीन हुन्छ ।

यदि हुनै मित्र प्रति कुनै कारणवश हाम्रो मनमा दुर्भावना जाग्दछ भने त्यो हाम्रो दुषित चित्तको परिचायक हो । दुर्भावनाले भरेको चित्तले त्यस मित्रको कुभलो होस् या नहोस् तर आफ्नो हानी भने अवश्य हुन्छ । सामान्यतया हाम्रो दूषित चित्तले हामीलाई व्याकुल बनाउँछ । आफ्नो उपकारी मित्र प्रति उत्पन्न भएको दूषित चित्तले त अत्यधिक ब्याकुल बनाउँदछ । यही अनुभूत सत्य हो । यही अनुभव गम्य सत्य हो ।

यदि कुनै मित्र प्रति हाम्रो मनमा सद्भाव जाग्दछ भने त्यो हाम्रो स्वच्छ, सरल चित्तको परिचायक हो । सद्भावले भरेको मांगलिक चित्तले त्यस मित्रको जति भलाई गर्दछ, त्यसभन्दा बढी आफ्नो भलाई गर्दछ । सामान्यतया सद्भावना भरीपूर्ण चित्तले आफूलाई हर्षित पार्दछ । यसभन्दा बढी कुनै उपकारी मित्र प्रति उत्पन्न भएको सद्भावित चित्तले हामीलाई अत्याधिक हर्षित पार्दछ । यही अनुभूत सत्य हो । अनुभवगम्य सत्य हो ।

हुन सक्छ कोही व्यक्ति कुनै बेला हाम्रो परक मित्र थियो, परम हितैषी थियो पछि कुनै कारणवश, भ्रांतिवश, स्वार्थपरायणतावश अथवा हाम्रो नै कुनै भूलले यदि आज हाम्रो परम शत्रु भएमा हाम्रो जीवनको तड्कारो बनीरहेका उसलाई रोक्न बाहिरबाट कठोर भन्दा कठोर व्यवहार गरे तापनि भित्रबाट उसको प्रति असिम मंगलमैत्री भरीराख्नु पर्दछ । यही मंगलमयी हुन्छ ।

त्यस व्यक्तिको वर्तमान व्यवहारलाई महत्त्व नदिएर अतीतमा उसले हाम्रो के उपकार गरेको छ त्यही सम्झौं । उसको स्नेह सौमनस्यतालाई सम्झौं । त्यसैको आधारमा आफ्नो मनको मृदुलता बनाई राखुँ, सद्भाव बनाई राखुँ । बाहिरबाट कठोर चट्टान पत्थर भएर पनि भित्रबाट छलछलाउने निर्मल निर्झर बनीरहुँ ।

साधकहरू ! मलाई थाहा छ कि यो सजिलो छैन । जब कोही व्यक्तिले अनैतिक व्यवहार गरेमा उसको प्रति तिलमिल भएर रिसाउनु सजिलो छ, उसको प्रति मैत्री जाग्रत गर्नु कठीन छ । परन्तु कठीन भए पनि वास्तवमा गर्नु पर्ने त यही हो । यही त साधना हो । यही त तप हो । यही त संग्राम हो । आफू भित्र आफ्नै संग्राम, आफ्नो दुर्बलता प्रतिको संग्राम । यो संग्राम त जीवन भरको लागि हो ।

सत्य यही हो । होश (सती) को संग्राम दुई-चार क्षणको हुन्छ । शूरको संग्राम दुई-चार पलको हुन्छ । रण-भूमिमा उत्रियो दुई-चार हान-थाप हुन्छ, खेल समाप्त हुन्छ । तर साधकको संग्राम त जीवन भर चल्दछ ।

**शूर संग्राम है घडी दो-चारका,**
**सती संग्राम पल चार भाई ।**
**संत संग्राम है रात-दिन जूझना,**
**देह परयन्त का काम भाई ॥**


रातदिन जुझ्नु नै छ । देह-पर्यन्त जुझ्नु नै छ । अनीति र अन्यायपूर्ण परिस्थितिहरू जीवनमा जब-जब आउँदछन् तब एक त मनको प्रतिकार गरिरहनु पर्दछ अर्को रोम-रोममा मंगल भावहरू परिपूर्ती गरिराख्नु पर्दछ ।

मंगल होस् ! कल्याण होस् !! भलो होस् !!!

## प्रेरक प्रसङ्ग

'मनसिकार' चिन्तन मनन् गर्नुलाई भनिन्छ । ठीक तरिकाले चिन्तन मनन् गर्नुलाई "योनिसो मनसिकार" भनिन्छ । चिन्तन मनन् नै अयोनिसो भयो अथवा गलत तरिकाले सोच्दछ भने भ्रमबाट छुट्कारा पाएर सत्यको

*( क्रमश: पेज ६ मा हेर्नुहोला )*



# सम्राट अशोक–३

✍ आचार्य भिक्षु अमृतानन्द

अग्रमहिषी भएको तीन वर्षमा सो मूर्खा रूपाभिमानी तिस्सरक्खा महारानीले "मलाई भन्दमा बढता राजाले बोधिबृक्षलाई आदर सत्कार भक्ति गर्छन्" भनी ईर्ष्या गरी रिसले बोधिवृक्षलाई मार्न लगाइन्[1] ।त्यसैले मा. वं. टी. पृ. ३७२ ले यस्तो उल्लेख गरेको हो –

**"इति कोधवसं गन्त्वा, अत्तनोनत्थकारिका ।**
**मण्डुकण्टक योगेन, महाबोधिं अघातयि ॥"**

अर्थात्- "आफ्नो अनर्थ गर्ने तिस्सरक्खा (तिष्यरक्षा) क्रोधको कारणले मण्डुकण्टकयोग द्वारा अर्थात् विष भएको किला ठोक्न लगाई महाबोधि वृक्षलाई मार्न लगाइन् ।"

त्यसको ४ वर्ष पछि धर्माशोक राजाको पनि देहावशान भयो ।धर्माशोक राजाले जम्मा ३७ वर्ष राज्य गरे ।(महा. वं. टी. पृ. ३७३ वीसतिम परिच्छेद)

धर्माशोक राजाका एक अर्का भाइ वीतशोकको नाम थेर. गा. अ. क. I .पृ. २९५ मा उल्लेख भएको पाइन्छ ।उनी गिरिदत्त स्थविरकहाँ प्रव्रजित भई अरहत् भएका थिए[2] ।

सम. पा. I .पृ. ३०३ ले सम्राट् अशोकलाई द्वीपचक्रवर्ती भनी उल्लेख गरेको छ भने बुद्धकालका बिम्वीसार र प्रसेनजीत् राजाहरू प्रदेश राजाहरू हुन् भनी उल्लेख गरेको छ ।

धर्माशोक राजाको देहान्त हुनु भन्दा अगाडि नै उता श्रीलंकामा १० जना छोराहरू[3] र २ जना छोरीहरू भएका तथा ६० वर्षसम्म राज्य गरेका मुटसीव भन्ने राजाको देहान्त भएपछि उनकै माहिला छोरा देवानंपियतिस्स (=देवानंप्रियतिष्स) ले राज्य प्राप्त गरेका थिए ।

अनि देवानंपियतिस्सले सम्राट् अशोकलाई आफ्नो भाञ्जा महाअरिट्ठको हातमा आठ प्रकारका मोतीहरू तथा अरू पनि अमूल्य वस्तुहरू उपहार पठाएका थिए ।यसको बदलामा सम्राट् अशोकले पनि उनलाई छत्र, चामर, खङ्ग, मुकुट र रत्नमय पादुका गरी पाँच ककुधभण्डहरू र अभिषेकको निमित्त चाहिने अरू वस्तुहरू पनि उपहार पठाए ।(सम. पा. I .पृ. ६५ बाहिरनिदान कथा; महा. वं. टी. पृ. २६२ एकादस परिच्छेद) सन्देश-पत्रमा चाहिं "यी बस्तुहरूद्वारा फेरि पनि अभिषेक लिइयोस्" भनी उल्लेख गरिएको थियो ।देवानं पियतिस्स राजाले अशोकले पठाएका वस्तुद्वारा फेरि वैशाख पूर्णिमाको दिन अभिषेक लिएका थिए ।(सम. पा. I .पृ. ६६; महा. वं. टी. पृ. २७० एकादस परिच्छेद) सन्देश-पत्र अशोकले यस्तो पनि उल्लेख गरेका थिए –

१. दिब्यावदान, कुणालावदान पृ. २५४ मा पनि तिष्यरक्षिताले बोधिबृक्ष मार्न लगाएको कुरा उल्लेख भएको छ । उनले मातंगी भन्नेलाई पैसा दिई मन्त्र तथा जप गराई बोधिबृक्षलाई सुकाई दिइन् । यसले गर्दा राजालाई सारै दुःख लाग्यो । महाराजालाई सारै दुःख लागेको कुरा थाहापाई पछि फेरि सोही पुरुषलाई भनी मन्त्रगराई, रूखमा दूध हाल्न लगाई फेरि बचाएको कुरा उहीं, पृ.२५५ उल्लेख भएको छ ।

२. दिब्यावदान, वीतशोकावदान पृ. २७२ मा पनि वीतशोकको कुरा उल्लेख भएको छ । तर कुरामा केही फरक छ । यसमा वीतशोक यश स्थविरकहाँ प्रव्रजित भएको कुरा उल्लेख भएको छ ।

अशोककी छोरी चारुमती हुन् भन्नेकुरा हाम्रो नेपालमा निकै प्रचार छ । जुन कुरा पालि साहित्य र बौद्ध संस्कृत साहित्यमा अहिलेसम्म पाउन सकिएको छैन ।

३. महा. वं. टी. पृ. २५९ (एकादशम परिच्छेद) मा मुटसीवका १० जना छोराहरू थिए भन्ने कुरा उल्लेख भएको छ भने एकवीसति परिच्छेद पृ. ३८४ मा ९ जना मात्र थिए । भन्ने कुरा उल्लेख भएको देखिन्छ ।

**"अहं बुद्धं च धम्मं च, सङ्घं च सरणं गतो ।**
**उपासकत्तं वेदेसिं, सक्यपुत्तस्स सासने ॥**
**त्वंपीमाननिं रतनानि, उत्तमानि नरुत्तम ।**
**चित्तं पसादेत्वान, सद्धाय सरणंभज ॥"**

(महा.वं.टी.पृ. २६७–एकादस परिच्छेद)

अर्थात्– "बुद्ध, धर्म तथा सङ्घको शरणमा परी शाक्यपुत्रको शासनमा मैले उपासकत्व ग्रहण गरेको छु ।तपाईं पनि यी उत्तम रत्नहरू प्रति चित्त प्रसन्न गरी श्रद्धापूर्वक शरणमा जानुहोस् ।"

अशोक र देवानंपियतिस्स राजाहरू धेरै समयदेखि अदृष्टभित्र अर्थात् एकअर्कालै भेटघाट नगरेका मित्रहरू थिए ।त्यसैले महा.वं.टी. २६२ एकादस परिच्छेदले यस्तो उल्लेख गरेको हो –

**"देवानंपितिस्सो च, धम्मासोको च ते इमे ।**
**द्वे अदिट्ठसहाया हि, चिरप्पभुति भूपति ॥"**

अर्थात्– "आपसमा देखादेख नभए तापनि धर्माशोक र देवानंपियतिस्स राजाहरू धेरै दिन देखिका साथीहरू हुन् ।"

## मंगल होस् ... ...

दर्शन गर्न सक्छ भनेर आशा गर्नु बेकार हुन्छ । त्यसैले उत्प्रेरित व्यक्तिले "योनिसो मनसिकार" को अभ्यास गर्नु पर्दछ । मिथ्या संकल्प-विकल्पलाई त्यागेर सम्यक् संकल्प-विकल्पको अभ्यास गर्नुपर्दछ । सम्यक् संकल्प गर्दैमा कोही व्यक्ति सधैं विकार विमुक्त हुन सक्दैन । यसको लागि विपश्यना साधनाबाट मनको गहराईसम्म सम्यक् दर्शन अथवा यथार्थ सत्यको दर्शन गर्नु पर्दछ । सम्यक दर्शनको लागि सम्यक विकल्पको अभ्यास गर्नु आवश्यक हुन्छ । यो पहिलो खुड्किलो हो । यस अवस्थामा मात्र साधकको मन साधनाको गहिराईमा अनुसन्धान गर्न योग्य हुन्छ । संकल्प-विकल्प नै गल्ती भइरहेछ भने अगाडिका सत्यहरू कसरी प्राप्त हुन्छन् ?


नरलाई नारी अथवा नारीलाई नरको शरीर प्रति जुन प्रवल आकर्षण हुन्छ यसले शरीरको सम्बन्धमा योनिसो मनसिकार हुन दिंदैन । धेरैजसो गलत चिन्तन नै चल्छ । शरीरको चमक-दमक, साज-सज्जा र देख्ने देखाउनेमा मन उल्झन्छ र आफू भित्रको वासनालाई टेवा दिइरहेको हुन्छ । जो काम-वासनाबाट मुक्त हुन चाहन्छ उसले सबभन्दा पहिले चिन्तन-मननलाई सुधार्नु पर्दछ । मनसिकारलाई योनिसो गर्नुपर्दछ । संकल्प विकल्पलाई सम्यक् गर्नु पर्दछ ।

उदाहरणको लागि कोही पुरुष कुनै सजीसजावट कामिनीको कामोत्तेजक रूपलाई हेरेर उसको संयोजित, संगठित र संश्लिष्ट रूप-लावन्यलाई मन-मनै विघटन, विभाजन र विश्लेषण गर्दै हेर्दछ । केश विन्यासलाई अलग-अलग गरेर हेरेमा थाहा हुन्छ केशमा के सुन्दरता छ ? त्यस्तै मोती जस्तो लाग्ने ती दाँतको पंक्तीलाई मन-मनै अलग-अलग गरी हेरेमा थाहा पाइन्छ । पंक्तिबाट एउटा दाँत छुटेर अलग भएमा त्यसमा मोती जस्तो पन रहँदैन । यतिमात्र होइन, माथिबाट चिप्लो, चिल्लो लाग्ने छालालाई मन मनै खोलेर हेऱ्यो भने त्यसमा के राम्रो देख्छ ? राम्ररी केलाएर हेऱ्यो भने भित्रको रगत, मासु, नसाको जाली, हाड, पिप, चर्पी, पिसाब, पित्त, कफ, थुक, आँसु, ऱ्याल, सिङ्गान, कानेगुजी आदि-आदि नै पाउँछन्, गन्हाउने नै गन्हाउने, शुभ र सुन्दर केही छैन ।

यस्तो संयोजन, यस्तो संगठन प्रति कस्तो माया ? कस्तो भ्रम ? यही भ्रमको कारण कति आकर्षण छ यस मैलोको थुप्रो प्रति ? मानौं कुनै प्लाष्टिकको झोला छ, चटक्क परेको रंगीन झोला, सुन्दर त्यस झोलामा मलमूत्र नै मलमूत्रले भरेको छ । मलमूत्रले भरिएको भनेर जान्दा-जान्दै पनि चटक्क परेको पालिसदार झोला (खोली) हेरेर कोही व्यक्ति भित्री सत्यलाई भुलेर त्यसलाई छातीमा टाँस्छु, चुम्छ भने के गर्ने ? यदि उसलाई बारबार सत्यताको होश आउँछ भने उ केही समयको लागि भए पनि त्यस फोहोरबाट टाढा रहन्छ । सही तरिकाबाट चिन्तन-मनन गर्दै पटक-पटक आफ्नो मनको भित्री वास्तविक सत्यको सम्झना भइरहेमा त्यस बाहिरी मिथ्या आकर्षणबाट आफूलाई टाढा राख्न सक्षम हुन्छ । फेरि यस्तो पनि चिन्तन गर्नु पर्दछ कि यो मेरो शरीर पृथ्वी, अग्नि, जल र वायु यी चार महाभूतबाट बनेको छ । ठोस छ, तरल छ, वायु छ र त्यसमा ताप छ । यी चारवटाको पुञ्ज मात्र हो । जसमा प्रतिक्षण उत्पाद व्यय भइरहन्छ त्यस्तै त्यस व्यक्तिको शरीर पनि चार महाभूतको थुप्रो

*( क्रमशः पेज ९ मा हेर्नुहोला )*

# बुद्धकालिन सँस्कृति



- भिक्षु अश्वघोष महास्थविर

बुद्धकालिन संस्कृति मुख्य रूपमा दुई थरिका उल्लेख भएका देखिन्छन्। वैदिक सँस्कृति र श्रमण सँस्कृति अर्थात् बुद्धले प्रतिपादन गर्नु भएको सँस्कृति। पालि दिघ निकाय ब्रह्मजाल सूत्र अनुसार ६२ प्रकारका दृष्टि भएका सँस्कृतिहरू छन्। यहाँ विशेष रूपमा गौतम बुद्धले प्रतिपादन गर्नुभएको श्रमण सँस्कृति बारे चर्चा गर्ने विचार भए पनि बुद्ध कालिन सँस्कृतिको पनि जानकारी दिनु उपयुक्त भएकोले उल्लेख गरेको छु। वैदिक सँस्कृति ब्रह्मामा आश्रित र ब्रह्माको आधारमा स्थापित भएको जस्तो लाग्छ। यसमा ईश्वरको भरोसा गरी ब्रह्मालाई श्रृष्टिकर्ता मान्नुपर्ने रहेछ।

ईश्वरको भरोसामा विश्वास गर्नु त पराधीन र परतन्त्रताको आधारमा पर्नु हो। ईश्वरको चाकडी गरी वरदान पाउनु र प्रसाद लिनु पनि सँस्कृति हुँदो रहेछ। आचरण शुद्धि गर्ने होइन।

बुद्धको सँस्कृतिमा "अत्ताहि अत्तनो नाथो" अर्थात् आफ्नो मालिक आफै हो। बुद्ध छ "अक्खा तारो तथागता" (बुद्ध) त मार्ग प्रदर्शक मात्र हो। वहाँले देखाएको बाटोमा गई आचरण राम्रो पार्नसके मात्र दुःखबाट मुक्त हुन सक्छ। श्रमण सँस्कृति - श्रमण शब्द पालि भाषामा 'सम' र सँस्कृतिमा 'श्रम' शब्दबाट उत्पन्न भएको हो, जसको अर्थ 'परिश्रम गर्नु' भन्ने हुन्छ। आफ्नै प्रयत्नवान् माथिसम्म पुग्नु आध्यात्मिक उन्नति गर्न समाजलाई सु-सँस्कृति गर्न मार्ग प्रदर्शनको लागि त्यागी जीवन बिताई गाउँ-गाउँमा र नगर-नगरमा हिँडेर बाँच्नु यसको अर्थ हो। ईश्वरको भरोसामा नबसी ईश्वरलाई नै श्रृष्टिकर्ता बढान्नु तथा ईश्वरको वरदानमा आशा नराखी आफ्नै सदाचरण र नैतिकताको बलद्वारा ईश्वर र ब्रह्मा बन्न सकिने छ भन्ने सँस्कृति हो।

बुद्धको कथन अनुसार जुन व्यक्तिमा शुद्ध मैत्री, करुणा, मुदिता (प्रसन्नता) र उपेक्षा (तटस्थता) को गुण हुन्छ उ ब्रह्मा बन्न सक्छ। भगवत् गीतका अनुसार भगवान् कृष्ण भन्नुहुन्थ्यो– "मामेव शरणम ब्रज" अर्थात्- मेरो शरणमा आऊ अनि मुक्त हुन्छौ। बाइबल अनुसार क्राइष्ट पनि भन्नुहुन्छ– "मेरो शरणमा आऊ मलाई विश्वास गर अनि सबै दुःख हरण हुन्छ। गौतम बुद्ध भन्नुहुन्छ– "मानिसको उत्थान वा पतन आफ्नै कर्मको खेल हो। राम्रो र नराम्रो कामको जिम्मेवार आफै हो अरू कोही हुन सक्दैन। जसले आफ्नो मनलाई राम्रोसंग वशमा राख्न सक्नेछ, त्यसैले ब्रह्मत्व र ईश्वरत्व प्राप्त गर्न सक्नेछ।

**अत्ताहि अत्रनो नाथो कोहि नाथो परोसिया**
**अत्तनाव सुदन्तेन नाथं लभति दुल्लभं।**

*- धम्मपद*

आफ्नो भरोसा आफै हो। अरू कोही मालिक हुन सक्दैन। आफूले आफूलाई राम्रोसंग दमन गर्न सके आफ्नो मनलाई वशमा लिन सके हामीले सर्वोच्च तत्व प्राप्त गर्न सक्ने छौं। दुःखबाट मुक्त हुन सक्छौं। कोही पनि व्यक्ति जात, गोत्र र धनले श्रेष्ठ, उच्च वा नीच हुन सक्दैन। चाहे ब्राह्मण होस्, चाहे क्षेत्री, वैश्य वया शूद्र होस् सबैलाई दुःखबाट मुक्ति प्राप्त गर्ने अधिकार छ तर सदाचार नैतिकता सम्पन्न हुनु अनिवार्य छ। धर्माचरण र सदाचार हुनु मुख्य कुरा हो। बुद्ध शिक्षा अनुसार सँस्कृति र मानवताका मूल आधार शुद्ध मन र चरित्रको पवित्रता हुनुमा छ। बुद्ध यही सँस्कृतिका प्रतिपादक हुनुहुन्थ्यो। समानता र मानवता नै बुद्धको सँस्कृतिको लक्षण हो।

वैदिक सँस्कृति चार वर्णाश्रममा आधारित छ। ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र। ब्राह्मण वर्ग धर्मशास्त्र अध्ययन र पठन-पाठन तथा पुरोहित काम गर्नमा सीमित थिए। (अहिले त राजनीतिमा सीमित छ भन्नुपर्दा अत्युक्ति हुँदैन।) क्षेत्री राज्य सञ्चालनमा,

वैश्य व्यापार र खेतीको काममा र शूद्र फोहर सफा गर्नमा संलग्न हुन्थे । वास्तवमा फोहर गर्नेहरू नीच हुनुपर्ने र फोहर सफा गर्नेहरू उच्च (श्रेष्ठ) हुनुपर्ने थियो । जमाना बदलियो । आजभोली धेरैजसो ब्राह्मण वर्ग राज्य सञ्चालन कार्यमा संलग्न देखिन्छन् । शुरुमा त वैदिक सँस्कृति अनुसार काम गर्न सजिलो होस् भन्ने मनसाय राखी कार्य र वर्ग विभाजन गरिएको थियो । जातिभेद वर्णभेद थिएन ।

तर पछि गएर ब्राह्मण वर्गले आफू ब्रह्माको मुखबाट, क्षेत्री ब्रह्माको पाखुराबाट, बैश्यहरू जाँघबाट र शूद्र ब्रह्माको पाऊबाट जन्मिएको हो भनी वर्णभेद र जातिभेदको परम्परा बसाली असमान र अमानवीय सिद्धान्तको प्रतिपादन गरिएको पनि देखियो । शूद्रलाई ब्राह्मणको दास तुल्याइयो ।

अध्ययन गर्नको लागि योग्य अर्को कुरा आध्यात्मिक उन्नति र आचरणशुद्ध नगरी, चित्त शुद्ध नगरी शान्ति र ईश्वरत्व प्राप्त गर्न यज्ञ, होम आदि कर्म काण्ड गरे हुन्छ भन्ने मान्यता बसालियो । धर्म ग्रन्थमा उल्लेख भएनुसार देवी देवता खुशी पार्न बली, नरबली समेत दिनुपर्ने चलन बसाली हिंसा र अनुचित कर्म गर्न अग्रसर गराइयो । यद्यपि नरबली दिइने कुरा यदाकदा सुन्न पाइन्छ । पशुबली त हामीकहाँ आजसम्म पनि चलिरहेकै छ । बाटो बाटोमा गणेशस्थान र नाशः देवता मन्दिरहरूमा राँगा काटेर रगत बगाउते चलन पनि छ । यो कस्तो सँस्कृति ? तर आजभोली क्याम्पस, वृद्धाश्रम, स्वास्थ्य केन्द्र आदि निर्माण गर्न महायज्ञ कार्य आयोजना गर्ने नयाँ सँस्कृति पनि सञ्चालन गर्ने चलन पनि चलेको देखिन्छ । तर बुद्ध सँस्कृति अनुसार आ-आफ्नो कर्म सुधार गरी, शरीर, वचन र मन शुद्ध पारी राम्रो कर्म गर्नेतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ ।

तत्कालिन वैदिक सँस्कृतिका विरोधीहरू यज्ञ होम, पशुबली र कर्मकाण्ड विरोधीहरू श्रमण साँस्कृतिक सम्प्रदायहरू देखिन्छन् । पालि साहित्यमा उल्लेख भएका निम्न लिखित आचार्य धर्म प्रवर्तकहरू हुन् –

पूर्णकाश्यप, मक्खलि गोसाल, अजित केश कम्बल, पकुध कात्यायन, संजय बेलट्ठी पुत्र तथा निगन्थनाथ पुत्र ।

पालि त्रिपिटकमा उल्लेख भए अनुसार उपर्युक्त सबै आचार्यहरू ठूला र प्रसिद्ध थिए भने उनीहरू ठूलो संख्यामा अनुयायीहरू भएका थिए । अहिलेका साईबाबा र रजनीश जस्तै । हाल निगन्थ नाथ पुत्र (जैन सम्प्रदाय) मात्र जीवित अवस्थामा रहेका छन् । अरू बेला लोप भइसके । किनभने उनीहरू कट्टर ब्राह्मणवादका विरोधी रि भौतिकवादी थिए । ब्राह्मण संस्कार र ब्राह्मणवाद निकै बलियो छ । त्यसैले बौद्ध समाजमा नब्बे प्रतिशत ब्राह्मणवाद र संस्कारले आफ्नो स्थान जमाइसक्यो ।

पूर्वोक्त तत्कालिन सँस्कृतिका आचार्यहरूको संक्षिप्त परिचय –

(१) पूर्णकाश्यप – १० पुत्र पूर्ण भएकोले पूर्ण नाउँ भएको उच्छेदवादी अर्थात् नास्तिकवादी । पूण्य पापको फल केही नमान्ने, वैदिक आत्मवाद र जैनको अति अहिंसावादको विरोधी ।

(२) मक्खली गोसाल – धेरै गाई भएको गोठ मालिकको पुत्र र गोठमा नै जन्मेको हुँदा गोसाल नाम भएको । मालिकले मखली मक्खली अर्थात् नन्दशाल भन्दा भन्दै लडेर घ्यूको घ्याम्पो फुटाएको हुनाले मक्खली गोसाल नाम भएको । प्राणीको जन्म, मरण, मानिसको शुद्ध र अशुद्ध हुनुलाई कुनै हेतु बिना हुन्छ भन्ने अहेतुवाद, नियतिवाद र स्वभाव धर्मवाद ।

(३) अजित केश कम्बल – (पिताद्वारा राखिदिएको नाम अजित हो) । मानिसहरूका रौंबो लुगा लगाउने भएकोले अजित केश कमबल नाम भएको हो । उसको सिद्धान्त चार्वाक मिथ्यादृष्टि हो । मृत्युपछि आफूले गरेको पापकर्म भोग्नु नपर्ने । मृत्युपछि पृथ्वी, जल, तेज, वायु आकाश आदि आफैंमा विलीन हुन्छन् भन्ने कुरामा विश्वास गर्ने व्यक्ति थियो । वैदिक सँस्कृति परम्पराको विरोधी थिए ।

(४) वकध कात्यायन – यिनी कात्यायन गोत्री थिए भने पैतृक नाम पकुध थियो । शास्वतवादी आत्म नित्य सदाकालीक भन्ने वादी । उहाँका सिद्धान्त अनुसार संसारका प्राणीहरू पृथ्वी, जल, तातो, वायु, सुख, दुःख, जीव आदि कारणले संसारमा रहेका छन् । यी सात चीज रहेनन् भने संसार विनाश हुन्छ ।

(५) स जय बेलट्ठीपुत्र – आमा बुबाले राखिदिएको नाम सञ्जय, बुबाको नाम बेल भएकोले सञ्जय बेलट्ठी पुत्रका रूपमा यिनी परिचित थिए । जसले जे प्रश्न गरे पनि उत्तर दिन सक्ने विशेषता यिनमा थियो ।

न चाहिने कुरा गर्ने बानी यिनको थियो । परलोक छ छैन कुनै निश्चित सिद्धान्त यिनको थिएन ।

(६) निगन्ध नाथ पुत्र (जैन प्रवर्तक) – यिनी समृद्ध परिवारको क्षेत्रीय राजकुमार थिए । यिनको यशोधरा नामको राजकुमारीसंग विवाह भएको थियो । पहिलो सन्तान छोरी जन्माई भनी विरक्तिएर गृहत्याग गरी निगन्थ निर्वस्त्र सम्प्रदायमा गएका थिए । “अहिंसा परमो धर्म” भन्ने सिद्धान्तका अनुयायी यिनको सिद्धान्त र संस्कृति अनुसार मनको धर्म भन्दा शरीरले गर्ने कर्मको फल ठूलो हुन्छ भन्ने थियो । यिनले बुद्धको विचार जस्तो मनलाई प्रधानता दिंदैनथे । यिनको सिद्धानत र शिक्षा चतुर्याम हो । बुद्धको पञ्चशील जस्तै यिनले चारवटा शीलको शिक्षा दिएका छन् । जस्तै :

क) प्राणी हिंसाबाट बिल्कुल टाढा रहनु ।

ख) असतय कुरा गर्नुबाट टाढा रहनु ।

ग) चोरी कार्यबाट बिल्कुल टाढा रहनु ।

घ) वस्तु संग्रह (जम्मा पार्ने) बाट धेरै टाढा रहनु ।

श्रमण सिद्धार्थ गौतम माथि उल्लेख गरेका सबै प्रकारका सँस्कृतिक विचारधाराबाट असन्तुष्टभई राजगृह हुँदै गया नजिकको उरुवेल जानुभएको थियो । ■





## मंगल होस् … …

मात्र हो, अष्टकलापको पुञ्ज मात्र हो । साँच्चै नै यो विल्कुल निस्सार छ ।

यसप्रकारको चिन्तन मननबाट नै साधक विपश्यना साधना गर्न लायक हुन्छ । चिन्तन मननबाट मात्रै काम वासनाको जरा निस्कन सक्दैन । जब योनिसो मनसिकारको आधारमा विपश्यना ठीक तरिकाले गर्न थाल्दछ तब पूर्व संचित काम वासनाको अन्तःशायी विकार उदीर्ण भएर क्षय हुन थाल्दछ र समय अनुकूल साधक त्यसबाट पूर्णतया छुटकारा पाउँछ ।

यस सन्दर्भमा भगवान् बुद्धको जीवनकालको एउटा घटनालाई हेरौं …


कपिलवस्तुको शाक्यवंशी राजकुमार नागसमाल । भगवान् सम्यक् सम्बोधि प्राप्त री पहिलो पटक जब कपिलवस्तु आउनुभयो तब उनको धर्म प्रवचन सुनेर त्यहाँका धेरै शाक्य राजकुमार गृहत्याग गरी भिक्षु संघमा सम्मिलित भए । नागसमाल तिनीहरू मध्ये एक थिए । उनी केही दिनसम्म भगवान्को सेवक रहे । तर विकार विकृतीको कारण धेरै दिनसम्म भगवान्को सेवामा रहन सकेन ।

एकदिन भिक्षाटनको लागि शहरमा जाँदै थियो, चौबाटोमा उनले एउटा मञ्च देखे । त्यस मञ्चमा एक सुन्दरी नाचिरहेकी थिईन् । साथै सुमधुर बाध्यवादन थियो । नर्तकीको शरीरमा अनेक प्रकारको चूर्ण विलेपन गरेको थियो । मुहार चित्रीत गरेर आकर्षक बनाएको थियो । लोभलाग्दो केश विन्यास थियो । सुन्दर, लोभ लाग्दो, मूल्यवान आभूषण थियो । त्यस सजीसजावट कामिनी कर्ण प्रिय वाध्य-वादनको शूर तालमा कामोत्तेजक हाव-भाव प्रकट गर्दै मनोहर नाच नाची रहेकी थिइन् ।

नागसमालको पुरानो कामभोगजनीय राग रंजित चित्त जाग्यो, तर उसले तुरुन्तै आफ्नो होश सम्हाल्यो । योनिसो मानसिकारमा लाग्यो । यो कामराज मारदेवको मृगजाल हो, मलाई बाँध्नको लागि कामराजले यो जाल बिछ्याएको हो ।

उसको सम्यक् संकल्प सही दिशामा अगाडि बढ्यो । ती बस्त्राभूषण, माला, गन्ध, विलेपना, धारण, मण्डन आदि बाह्य उपकरण र शरीरमा लगाएको चन्दन चूर्ण धोखा मात्र हुन् । ती चमकिला छाला पनि धोखा मात्र हुन् । त्यसभित्र त मासु छ, रगत छ, हाड छ, नशाको जाल छ, दिशा, पिसाव, थुक, पित्त, कफ आदि-आदि गन्हाउने नै गन्हाउने फोहरले भरिएको छ । त्यस बाहिरी देखावटले मलाई कदापी लोभ्याउन सक्दैन । शरीरको

*( क्रमशः पेज ११ मा हेर्नुहोला )*


भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## १३. कठिन निर्णय-२

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

एकपल्ट त उहाँको मनमा एकोहरो धम्मवतीलाई बेस्सरी झपार्ने चित्त पनि उत्पन्न भएको थियो। तर उसको त्यो साहस र उत्साह प्रति राम्ररी विचारेर हेरेपछि उहाँले मनमनै निधो गर्नुभयो– "यो केटीमा सांसारिक स्वभाव र व्यवहारिक कठोरता सम्बन्धमा अझै केही ज्ञान नभएपनि यसको लगनशीलता अद्वितीय छ। यसले त्रिपिटकको राम्ररी अध्ययन गर्न पाएमा यसबाट नेपालमा बुद्ध–शासनको अभिवृद्धि गर्नमा पक्कै पनि ठूलो योगदान हुनसक्नेछ।" – यस्तो निचोडमा पुगेको स्थविर धम्मावुधले धम्मवतीलाई अति गम्भीर भएर यसरी भन्न लाग्नुभयो – "धम्मवती ! तिमीले के कुरा गर्दैछौ, त्यो तिमीलाई राम्ररी थाहा पनि छ कि छैन ? तिमी किन यसरी आवेसमा आएर अनावश्यक दुस्साहस गर्नमा उत्ताउली हुँदैछौ ? ... ... केही कुरा तिमीले राम्ररी बुझ्ने प्रयत्न गर। पहिलो कुरो आसाम र नागालायण्ड भएर पैदल बर्मा जानु, तिमी जस्ती एउटी सुकुमारी केटीले त के, मैले पनि हम्मेसी चिताउन नसक्ने कुरो हो। युद्धताका बर्मामा कारोबार गरेर बसेका केही हिन्दुस्थानीहरू कसरी त्यो बाटो गरी बर्माबाट हिन्दुस्थान भागेर आएका थिए भन्ने कुरो मैले सुनेको छु। तिनीहरूले के कति दुःख पाए भन्ने कुरो अवर्णनीय छ। दोश्रो कुरो तिमी ती मानिसहरूका साथमा जान उत्सुक छौ, जुन मानिसहरूको रहन-सहन, बानी-व्यहोरा र विश्वासनियता बारेमा तिमीलाई अहिले सम्म कति पनि थाहा छैन। संसारमा अनेक प्रकारका मानिसहरू हुन्छन्। संसारमा सबैभन्दा कठिन काम मानिसले मानिसलाई चिन्नु हो। त्यसैले कुनै पनि मानिस सधैंभरि कुनै एउटा अर्को मासिसबाट सतर्क नै हुनुपर्छ। तेश्रो कुरो तिम्री आमाले तिम्रो जिम्मा मलाई सुम्पेकी छे। तिमीलाई जसरी भए पनि बर्मासम्म लगेर बुद्ध–धर्म राम्ररी पढाइने कुनै एउटा अनगारिकाराममा पुऱ्याउनु अहिले मेरो एक मात्र कर्तव्य भइसकेको छ। यदि मैले त्यो काम सही रूपमा गर्न नसकेमा अथवा गर्न नचाहेमा म कर्तव्यच्युत हुनेछु। ती अनजान बटुवाहरूका साथमा तिमी एक्लैलाई पठाउँदा म ... ..."

स्थविरको गम्भिर मुखाकृति र कुरा गराइबाट आफूबाट एउटा गम्भिर भूल हुन गएको रहेछ भन्ने कुरो धम्मवतीले बोध गरी। स्थविरको कुरो सुन्दै गरेको धम्मवतीका आँखाहरू रसाएर आए। त्यसैले स्थविर धम्मावुधले बीचैमा कुरा मोड्नु भयो– "... ...जे होस् अब यी सब कुरा छाडिदेऊँ। आजको कार्य प्रगति अनुसार तिम्रो पासपोर्ट अब चाँडै नै बन्ने राम्रो लक्षण देखापरेको छ। खुब ढिलो भएमा महिना दिनसम्ममा पासपोर्ट बनिसक्ने प्रायः निश्चित छ। त्यसैले अब तिमीले यताउतिका अन्य केही पनि कुरा नसोचिकन ढुक्क भएर बसे हुन्छ।"

बिना पासपोर्ट बर्मा जान पाउने उपाय पनि रहेछ भन्ने कुरो थाहा नहुँदासम्म दाऱ्हा किटेर भएपनि धैर्य गर्नमा धम्मवती विवश थिई। तर अहिले पासपोर्ट नभएपनि पैदल बर्मा जान सकिंदो रहेछ भन्ने जानकारी भएपछि धम्मवती एक महिना होइन एक दिन पनि पर्खने पक्षमा रहिन। किनभने कुन दिन उसको बुबा या दाजु उसलाई घरमा फिर्ता बोलाई लैजान टुप्लुक कलकत्ता आइपुग्ने हुन् भन्ने डररूपी भूतले ऊ सधैं पछ्याइएकी थिई। त्यसैले उसको मनमा रहेको त्यो डरको पोको स्थविर सामू फुकाई – "भन्ते ! मैले हतारमा गलत निर्णय गर्न पुगेकी रहिछु। तर मैले तपाईंलाई कुनै पनि प्रकारले नराम्रो पार्ने उद्देश्यले त्यस्तो दुस्साहस गरेकी थिइन।

मेरो बुबाको स्वभाव मलाई राम्ररी थाहा छ। अर्काका छोरीहरू फर्केता पनि आफ्नी छोरी नफर्केको देखेपछि उहाँ अब त्यसै हात बाँधेर बसिराख्नु हुनेछैन।

सके लक्ष्मीमाया फुपू नेपालमा पुग्ने बित्तिकै नभए त्यसको केही दिनपछि नै उहाँले जस्तोसुकै कामलाई पन्छाएर पनि उहाँ आफै आएर अथवा दाजुहरूलाई पठाएर मलाई फिर्ता बोलाउनु हुनेछ । अबको पछ्याइमा फेला परेमा म कुनैपनि हालतमा फेरि उम्कन पाउने छैन । त्यसैले मैले बर्मा जाने हो भने पासपोर्टको लागि एक दिन पनि नपर्खेर तुरन्त पैदल हिड्ने बाटो गरी बर्मातिर हिंडिहाल्नुपर्छ । तर पैदल हिंडेर बर्मा जानु साह्रै नै कठिन छ भन्ने कुरो मैले राम्ररी नै थाहा पाइसकेको छु । मेरो कारण तपाईंलाई त्यो बाटोमा पैदल हिंडाएर दु:ख दिनु मैले उचित देखेको थिइनँ । त्यसैले नै मैले ती पञ्जाबीहरूका साथमा जाने दुस्साहस गरेको थिएँ । अहिले मैले राम्ररी थाहा पाइसकेकी छु, मलाई त्यसरी ती चिनजान नभएका अरू बटुवाहरूका साथमा पठाउँदा तपाईंलाई आइपर्ने आपत्ति तपाईंले त्यस दुष्कर बाटोमा मसँगै हिंड्नु पर्दा तपाईंलाई हुने शारीरिक दु:ख भन्दा कम हुने छैन । त्यसैले अब म तपाईंसँग के प्रार्थना गर्न चाहन्छु भने तपाईंले मेरा बुद्ध–धर्म पढ्ने चाहना पूर्तिका लागि बुद्ध-शासनको वृद्धिका लागि, यहाँबाट बर्मासम्म पैदल हिंड्ने दु:ख गरिदिनुपर्‍यो ।"

धम्मवतीको कुरो सुनेर दुबैजना स्थविरहरू केहीछिन जिल्ल पर्नुभयो । अन्तमा बंगाली स्थविरले एउटा उपयुक्त प्रस्ताव राख्नुभयो– "यस शीलवतीको कुरोमा सत्यता छ । यसले भने झैं यसलाई फेरि पनि फिर्ता बोलाउन आउने धेरै नै सम्भावना छ । त्यसैले मेरो विचारमा तपाईं एकपल्ट आसामसम्म जानुभए उचित नै होला । आसाम स्थित विहारमा बस्नुहुने स्थविरलाई मैले राम्ररी चिनेको छु । पैदल बर्मा जाने सम्भावना बारे पनि उहाँले निर्णायक सल्लाह दिनसक्नु हुनेछ । पैदल बर्मा जाने कि नजाने भन्ने बारे उहाँसँग छलफल गरेर त्यहीं निर्णय गर्नुहोला । पैदल जानुहुने भएमा मलाई खबर पठाएर जानु होला । पैदल नगएर फेरि यहीं फर्कनु हुने भएमा पनि मलाई थाहा दिएर मेरो पत्र पाएपछि मात्र आउनुहोला । त्यतिञ्जेलसम्ममा यस शीलवतीको घरबाट जो कोही आएमा पनि त्यसरी आउने मानिसलाई सम्झाउनु पर्ने कुरो राम्ररी सम्झाएर उसलाई केही समय यहाँ अलमल्याएर रित्तै घर फर्काउने प्रयत्न गर्नेछु । त्यस बाहेक तपाईंको अनुपस्थितिमा यस शीलवतीको पासपोर्ट बनाइ माग्ने सम्बन्धमा पनि म आफै आवश्यक ताकेता गरिरहनेछु ।"

आफ्नो सहचारीको त्यस प्रस्तावलाई स्थविर धम्मावुधले सहर्ष स्वीकार्नु भयो । बर्मा जान धम्मवतीलाई बोलाउन आउने पञ्जाबीहरूलाई सम्झाउनु पर्ने कुरो राम्ररी सम्झाएर फिर्ता पठाइसकेपछि स्थविर धम्मावुध धम्मवतीलाई लिएर आसामतिर रवाना हुन आवश्यक तयारी गर्नमा लाग्नुभयो ।

*(क्रमश: अर्को अङ्कमा)*


## मंगल होस् ... ...

सबै द्वारबाट फोहर नै फोहर निस्कन्छ । यदि यो छाला भित्रको भाग बाहिर भएको भए हातमा लट्ठी लिएर कुकुर, बिरालो, काक, गिद्ध आदि धपाउनु मर्थ्यो होला ।

मेरो शरीर जस्तै त्यस नर्तकीको शरीर पनि पृथ्वी, अग्नि, जल, वायु यी चार धातुहरूले बनेको छ । यस समयमा त्यसमा वायु धातुको प्रमुखता छ, त्यसैले त्यसको शरीरमा हलन चलन भइरहेको छ । यी परमाणूका पुञ्ज तीव्र गतिमा उत्पन्न हुन्छन्, नष्ट हुन्छन् । उसको भित्री चित्तको चारै स्कन्ध अझ तीव्र गतिमा उत्पन्न हुन्छन्, नष्ट हुन्छन् । यी पाँच स्कन्धमा कुनै पनि सार छैनन्, निस्सारै निस्सार छन् ।

यसरी योनिसो मनसिकार गरेर नागसमालले आफ्नो चित्त विचलित हुनबाट बचाए र तुरुन्तै विपश्यना साधना गर्नमा लागे । सडकमा नाच्ने नर्तकी उसको कल्याणको कारण बन्यो । उसको लागि प्रेरणाको स्रोत बन्यो । उसमा तीव्र धर्म संवेग जाग्यो । विपश्यना गहराईसम्म हुन थाल्यो । काम सम्वन्धी विकारहरू क्षय भएर र त्यसको साथ-साथै अन्य विकारहरू, आस्रवहरू पनि क्षय हुँदै गए । यसरी उनी स्रोतापन्न भए । त्यसपछि सगदागामी र अनागामी अवस्था प्राप्त गरे र अन्तमा अर्हत पदमा स्थापित भई धन्य भए ।

*(साभार- 'विपश्यना' वि.सं. २०६५ वर्ष-२५, अङ्क-१०)*





# बुद्ध वर्ग

*भावानुवाद* - **सत्यमोहन जोशी**

गुह्मसिनं जिते यागु बुके फै मख सो लिपा
राग द्वेष तथा मोह ल्याहां वै मखु सो सुया
वसपोल महाज्ञानी पथ मदुह्म संयामी
बुद्धयात गुगुं मार्ग अस्थिर थन याय् फई ? ॥१॥

जाल मदु सुया लोके फैले ज्वीगु बुलुं थन
तृष्णां हानं सुयातजा वशे काय्मफु सो थन
वसपोल महाज्ञानी पथ मदुह्म संयमी
बुद्धयात गुगुं मार्ग अस्थिर थन याय् फई ? ॥२॥

धीर ध्यानी व त्यागीह्म उपशमन याजूह्म
स्मृतिमान् बुद्धयातजा देवं धाई नमोनम ॥३॥
मनुष्य योनि भ्रीगु थ्व अनित्य देहनं थलन
सद्धर्म आदि न्यनेगु, बुद्ध जन्मनं दुर्लभ ॥४॥

पाप मयाय्गु थो जन्मे, याय्गु पुण्यगु कार्यत
चित्त शुद्ध सदा याय्गु सीकी बुद्धोपदेश थ्व ॥५॥

सहनशीलता क्षान्ति तप मध्येतु श्रेष्ठ खः
बुद्धजनं हनं धाई निर्वाण पद श्रेष्ठ खः ॥६॥

घात याईह्म मेपिन्त प्रव्रजित व ज्वी मखु
पीडा मबीह्म मेपिन्त श्रमण खः सदा वरु
निन्दा मयाय्गु वैतंहे मयाय्गु फक्क घातनं
भिक्षु नियम जोनेगु भोजन ज्ञान काय्गुनं
वास च्वनेगु एकान्ते योग अभ्यास याय्गुनं
थ्वहे खः बुद्धया शिक्षा, माग थ्व थन काय्गुनं ॥७॥

द्रब्यादि हे जूसा वर्षा तृष्त ज्वी मखु कामना
कामेभोगे दुसां स्वाद, अल्प दुःख दुथें सिया
तैमखु पण्डित इच्छा दिब्य कामे सुखे थुली
सम्यक् सम्बुद्धया शिष्यं स्वै तृष्णा क्षय याय्गुली ॥८,९॥

भयया कारणं बृक्ष, चैत्य उद्यान पर्वत
वन इत्यादि मालानं शरणे वनी व्यक्तित
परन्तु शरणे वोंसां कल्याणकर ज्वी मखु
उत्तम मखु थो मार्ग, दुःखेनं मुक्त ज्वी मखु ॥१०,११॥

शरणेजा सदा वोंह्म बुद्ध धर्म व संघया
प्रज्ञा ज्ञानं हनं खंह्म प्यंगू थ्व आर्य सत्यया
"दुःख व दुःख उत्पत्ति, हनं दुःख विनाश व
दुःख निरोध ज्वीगुनं आर्याष्टांगिक मार्ग व"
शरण थ्व भयं मुक्त कल्याणकर उत्तम
थुजोगुलि शरणे वोंम्ह दुःखं मुक्त ज्वी थन ॥१२,१३,१४॥

दुर्लभ जन्म ज्ञानीया, जन्म सवंत्र ज्वी मखु
गुगु कुले उया जन्म व कुले दुःख दै मखु ॥१५॥

सुख खः बुद्धया जन्म, झन सुख सद्धर्म देशना
सुख खः एकता संघे, एकताय् तप कामना ! ॥१६॥

संसारिक प्रपञ्चं व शोकं भयंन मुक्तपिं
बुद्ध श्रावकया पूजा यात धासा सदा मतिं
निर्भय अझ निर्वाण ज्वी धुंकूपिं गुणी जुया
प्रभाव फल-पूजाया फैमखु धाय् थुला धका ॥१७,१८॥

# बुद्ध धर्म व प्रकृति



✍ प्रेमलक्ष्मी तुलाधर

प्रकृतियात भीसं सम्मान याय्‌माः। प्रकृतिप्रति आदर गौरव तयेमाः। प्रकृति बिना प्राणी लिसें वनस्पतिया नं प्राण मदुगु प्राणीया शरीर थें अन्त्य जुइ।

हिमाल, पहाड, सिमा, गुँ, स्वां खुसि आदि प्रकृति मांया बरदान खः। प्रकृति मामं श्रृष्टि मयाःगु जूसा सगरमाथा गथे बने जुल, हिमाल, पहाड खुसि आदि गुकथं दत ? अथे जूगुलिं प्रकृति श्रृष्टिकर्ता नं खः। प्रकृतिया न्ह्यःने तःधं, चीधं, तःमि, चीमि, सः स्यू, मस्यू छुकियागु नं अर्थ मदु। पृथ्वी तंचालकि तसकं बल्लाक दयेकातःगु संरचनाया नं मूल्य मान्यता नं दइमखु, क्षणभर हे ध्वस्त जुइ। गथेकि वा, फय् ग्वःफय्, भुखाय्, चलः मि आदि प्राकृतिक प्रकोपयाकें छुं नं संरचना एकक्षणं हे ध्वस्त याय्‌गु शक्ति दु। थ्वयं तक नं पनेफइमखु। वहे कारणं भगवान् बुद्ध नं नतमस्तक जुयाबिज्याःगु दु।

भगवान् बुद्धया जन्म लुम्बिनी बनय् साल सिमा क्वय् जुल, बुद्धत्व लाभ बुद्ध गयाया वंगल सिमा क्वय् जुल, निर्वाण नं निमा साल सिमा दथुइ जुल। वसपोल मचाबलय् शुद्धोदन महाराजं बुँइ हलो जोते यानाच्वंबलय् जामुन सिमा क्वय् आनापान ध्यान च्वनाबिज्याःगु खः। अथेहे भगवान् च्वनाबिज्याइगु तःजाःगु थाय् गृद्धकुतं पर्वत खः। थथे जूगु कारणं प्रकृति, वातावरण धयागु स्वच्छ, निर्मल, निश्चलतां जाःगु फय्, लः भंगःपंछिया गुन्जायमान सलं आनन्द, प्रफुल्लित, आत्मविभोर जुइगु थाय् जूगुलिं खः। गथे छम्ह अबोध बालकयागु सामिप्यतां आनन्द सुखया अनुमति जुइगु खः अथेहे प्रकृतिपाखें नं आनन्द जुइ। पकृतियात प्रेम याये सयेकेमाः धकाः भगवान् बुद्धं नं धयाबिज्याःगु दु। 'यादिसं वपते वीजं तादिसं हरते फलं कल्याणकारि कल्याणं पापकारी च पापकं' अर्थात् भीसँ थःथःगु कर्म क्षेत्रय् गथे भिंगु नियतं ज्याखँ याइ, व हे कथं फल प्राप्त जुइ। पाप कर्म याइगु ज्या दण्डया रूपय् दण्डफल प्राप्त जुइ। थ्व प्रकृतिया नियम खः। प्रकृतिं सुयातं भेदभाव याइमखु, निश्चलता, सत्य धर्म हे वयागु स्वभाव खः। अथेहे बुद्ध धर्मय् नं सत्यता, कुशलकर्म हे धर्मया आधार खः।

प्रकृति, धर्ती मांयात नं गौरव तयेमाः। वयागु गुणयात लुमंकाः सहनशीलता, धैर्यता, माया, दया, करुणां जाःगु धर्तीयात लुमंका, थःगु जीवनय् छ्यले सयेकेमाः। थज्याःगु शीलतां जाःगु धर्म कर्तव्यता दत धाःसा जीवनया मू दयाच्वनी। गथेकि – धर्ती थें घमण्ड मयासे सह यानाः थः मचा भाःपाः खिच्व, खै फाःसां घमचासे न्ह्याःगु जूसां सह यानाच्वनी। तर सह यानाः नं सह यायेमफुत कि भुखाचं, लः, मि, फय् आदि वयाः ध्वस्त यानाबी। तर मनूत ग्याःगु हे मखु। थःगु स्वार्थया निंतिं ततःजाःगु छेँ धस्वाकाच्वंगु हे दु।

भीपिं नं गुलि तक मभिं धाःसा भुखाय् ब्वःगुयात कुंखिनाः भुखाचं मनू स्यात धकाः हालाः स्वयाजुइ। तर वास्तवय् भुखाचं मनू स्यात मखु मनुखं दयेकातःगु संरचनां मनू स्याःगु खः। अथेहे खुसियात मिचे यानाः धलान यानाः त्वपुयाः लँ दयेकाः छेँ दयेकूगु दु। उदाहरणया निंतिं टुकुचा खुसियात हे स्वये। थथे यासेंलि खुसिबाः वइगु स्वाभाविक हे खःनि। अभ्र नं मनूतसें धाइ खुसिबाः वया छेँ ध्वस्त जुल। तर छेँय् खुसि दुहां वःगु मखु, खुसि थःगु थासय् लिहां वःगु जक खः।

प्रकृति वातावरणयात मैत्रीभाव तयाः धार्मिकपूर्वक म्वाये सयेकेमाः। अथे जुलकि प्राकृतिक प्रकोप तसकं म्हो जक जुयाः फालावनी। गथेकि मिखाय् लाइगु मिखा फुसिइ लानाः तरे जुइ। हरेक प्राणीया थःथःगु तरिकां म्वायेगु अधिकार दु। अथेहे प्रकृतिया नं थःगु तरिकां म्वायेगु नैसर्गिक अधिकार दु। न्हापा न्हापा खुसिबाः वइगु धः जाम, लः जाम धयागु नं मदु। न्हापायागु बस्ति हे योजनाबद्ध तरिकां दयेकातःगु दु। वा वःसां बँय् लः सुना वनी, गुकिं यानाः जग नं बल्लानाच्वनी। जमिनय् लः रिचार्ज जुयाः लं म्हासे जुइगु, भुखाय् ब्वःसां नं उलि नोक्सान जुइमखु। तर थौंकन्हय् जमिन धलान यानाः

दयेकाच्वंगु दु । गुकि याना: ल: दुहां मवंगुलिं लं म्हासे जुइगु व ल: जमिनय् दुहां वनेमफुगुलिं गना: स्यनाच्वंगु दु ।

ई कथं संरचनायात मर्मत यायेमा:, मखुसा मनूत सीथें प्रकृति नं स्यनावनीगु स्वाभाविक धर्म ख: । थ्वयात हे धाइगु ख: अनित्य छुं नं मदु । व हे कारणं ला न्हापायापिं बुर्जुगपिंसं धर्ती मांयात नं पुजा यायेगु धका: सिथि नख: बलय् पुजा याइगु ख: । ल: बिना: जीवनया नं मूल्य दइमखु धयागु उक्तियात थुइका: तुं सफा यायेमा:गु व्यवस्था दयेकात: गु ख: । अथेहे भ्गीगु रीतिकथं प्रकृतिनाप ल्वयेक प्राणीया पुजा यायेगु चलन दयेकात:गु दु । गथे – म्हपुजा, क्व:पुजा, खिचा, सा, द्वहं, ब्यांचा, नाग आदियात पुजा यासें पर्यावरणयात समेत पुजा यायेगु चलन दु ।

भगवान् बुद्ध तपस्या च्वना बिज्या: बलय् मार वया: थ्व जिगु थाय्, आम थासं दनाहुँ धा:बलय् भगवानं दनावने मखु, जिगु नं थाय् ख: धयाबिज्या:बलय् छंगु धायेत छु साक्षी धाल । उबलय् भगवानं थ:गु ल्हा: बँय् थिया: थ्व संसारय् स्वीगू पारमिता पूवंकागु ख:सा साक्षी कथं थ्व पृथ्वी दु धयाबिज्या:बलय् पृथ्वी तज्याना: धर्तीमां साक्षी कथं प्रकट जुयाबिज्या:गु ख: । थथे खनेसाथं मार बिसिउँ वंगु ख: । भगवान् बुद्धं तकं धर्तीयात आदर तयाबिज्या:गु धयागु थुकिं सीदु ।

प्रकृति धयागु नं ज्ञानया भण्डार ख: । गथेकि भगवान् बुद्ध ज्ञानया भण्डार ख: । गन ज्ञानया भण्डार दइ, अन सम्पूर्ण धन, यश, कीर्ति, मानसम्मान पूर्ण जुइ । अथे धयागु सन्तोषिपन दइ । गन सन्तोषि दइ अन सम्पूर्ण गुणं पूर्णम्ह जुइ । अथे धयागु सन्तोषि सदां सुखी जुइ । असन्तोषि सदां दु:खी जुइ । थुकिया अर्थ ख: प्रकृतिनाप भुले जुइफुम्हेसिके सत्यता, अहिंसा, इमान्दारी, निश्छलतां जा:गु मन दयाच्वनी । अज्या:म्ह मनू धयागु हे अमृ त समानम्ह बुद्ध धर्म संघ त्रिरत्न ख: ।

प्रकृति व जीवन एक आपसय् मिले जुयाच्वंगु दु – ला व लुसि थें । प्रकृतिया तं वलकि आकाश हाकुसे च्वना वइ, अथेहे मनूतय्त तं वलकि नं हाकुसे, वँचुसे, ह्याउँसे च्वंगु रङ्ग थें हिलावनी । बुद्धया ज्ञान ध्यानया प्रभावं मनूया रंग तुइसे, यच्चुसे च्वना: बांलानावइ । अथे जूगुलिं प्रकृतिं नं रंगीविरंगी जुया: न्ह्यइपुसे च्वंका: भिंगु सन्देश बियाच्वनी । मनूतय् नं हर्ष जुलकि ह्याउँ ह्याउँ धा:गु बांला:गु रंगय् ख्वा:पा: हिलावना: लायलामा थें जुयाबी । भ्गीगु जीवन नं सप्त रंग थें जुइमा: धयागु प्रकृतिं स्यनात:गु ख: ।

भगवान् बुद्धं स्वांया: पुन्हि कुन्हु बोधिवृक्षया मुलय् बोधिज्ञान काये धुंका: पीगुन्हु तक प्रकृति, धर्ती, पृथ्वीप्रति कृतज्ञता देछासें धर्म पुजा यानाबिज्या:गु ख: । गथेकि प्रथम– बोधिमण्डप् ध्यानय् च्वनाबिज्यात । द्वितीय – अनिमिस चैत्य – वोधिवृक्षयात मिखाफुति मयासे नेत्रपुजा । तृतीय – धर्ती प्रति कृतज्ञता देछासें चक्रमण यानाबिज्यात । चौथो – रत्नाघर चैत्य – धर्म प्रति विचार यानाबिज्यात । पाँचौं – अजपाल सिमा क्वय् धर्म अमृतया रसपान यानाबिज्यात । छैटौं – मुचलिन्द सिमा क्वय् – प्रिति सुख अनुभव यानाबिज्यात । सातौं – राजायतन सिमा क्वय् – धर्मया रसपान यानाबिज्यात ।

थथे न्हय्वा तक नयेत्वनेगु फुक्कं बन्द याना: प्रकृतिप्रति कृतज्ञता देछानाबिज्या:गु ख: । थथे वोधिज्ञान कायेधुंका: न्हापांगु भोजन वसपोलयात सतु मह तपस्सु, भल्लुक पाखें दान या:गु ख: । अथेहे सारनाथय् सिमाक्वय् पंच भद्रवर्गिय पिन्त न्हापांगु उपदेश बियाबिज्या:गु ख: । वोधिज्ञान लाभ धुंका: न्हापांम्ह उपासिका सुजातापाखें क्षीर भोजन नं सिमाक्वय् च्वना: यानाबिज्या:गु ख: ।

छक्व: भगवान पारिलेक जंगलय् च्वनाबिज्या: बलय् पारिलेयक किसिं माक्व सेवा यात । अथेहे माक: नं नं सेवा या:गु बौद्ध ग्रन्थय् न्ह्यथनात:गु दु । जंगल जनावरतय्गु छैं ख:सा सिमा धयागु पशुपंक्षीतय्गु छैं ख: । जंगल धयागु शान्त, शुद्धगु ध्यानीपिनिगु ध्यान केन्द्र नं ख: ।

उलिमछि तत:धंगु विहार दतं नं भगवान् बुद्ध कुशिनगरया निमा साल सिमाया दथुई महापरिनिर्वाण जुयाबिज्यात । भगवान् बुद्धया प्रकृति, वातावरण, धर्ती, मां, सिमा, जंगल प्रति गुलि तक माया दु धयागु थुकिं सीदु । अथे जूगुलिं हरेक प्राणिपिंसं प्रकृतियात नं सम्मान यायेमा: । ■


## धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

*क्र.सं. ९६०*

**चित्रा शोभा तुलाधर**

तीनधारा, पाठशाला

कुलरत्न मार्ग, काठमाडौं

रु. २,०००/–

# शाक्यधिता नेपालको बाऱ्हौं साधारण सभा



*शाक्यधिता नेपालको साधारण सभामा मन्तव्य व्यक्त गर्नुहुँदै धम्मवती गुरुमां*



*कार्यक्रम सञ्चालन गर्नुहुँदै शाक्यधिता नेपालका सदस्य प्रेम हेरा तुलाधर*

*२०८० पौष ७ गते*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

यसदिन शाक्यधिता नेपालको बाऱ्हौं साधारण सभा सम्पन्न भएको छ । भिक्षु पञ्ञासार महास्थविरको प्रमुख अतिथित्व एवं भिक्षुणी धम्मवती गुरुमांको सभापतित्वमा उपासिका प्रेमहेरा ताम्राकारले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा शाक्यधिता नेपालका उपाध्यक्ष प्रफुल्ल कमल ताम्राकारले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

शाक्यधिता नेपालका अध्यक्ष इन्दावती गुरुमांले यस संस्थाको गतिविधि प्रस्तुत गर्नुहुँदै आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा सचिव मीना तुलाधरले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष श्रृजना बज्राचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसरी नै सहसचिव नानीकेशरी बज्राचार्यले शाक्यधिता नेपालको तर्फबाट सञ्चालित बौद्ध परियत्ति कक्षाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । स्मरणिय छ नानीकेशरी बज्राचार्य यस कक्षा सञ्चालनको संयोजिका हुनुहुन्छ ।

कार्यक्रममा शाक्यधिता नेपालका लागि उत्तम बज्राचार्यलाई लेखा परिक्षकको रूपमा नियुक्त गरी सभाले अनुमोदन पनि गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा शाक्यधिता नेपालको तर्फबाट सञ्चालित विभिन्न कार्यक्रमहरूमा सहयोगी भई योगदान दिनुहुने व्यक्तित्वहरूलाई श्रद्धेय भन्ते पञ्ञासारबाट उपहार स्वरूप सम्झनाको चीनो प्रदान गर्नुभएको थियो ।

स्मरणिय छ, शाक्यधिता नेपाल विभिन्न उद्देश्यहरू समावेश गरी श्रद्धेय धम्मवती गुरुमांको नेतृत्वमा २०६७ सालमा कार्तिक महिनामा धर्मकीर्ति विहारमा स्थापना गरिएको थियो । सन् २०१२ बि.सं. २०६९ सालमा आधिकारीक रूपमा “शाक्यधिता नेपाल” को नामबाट नेपाल सरकारमा दर्ता गरियो । त्यही सालमा श्रद्धेय मेत्तावती गुरुमांको अध्यक्षतामा शाक्यधिता नेपाल कमिटी गठन गरियो । यस कमिटीका उद्देश्यहरू यसरी उल्लेख गरिएका छन् –

- प्रव्रजित गुरुमांहरूलाई शिक्षा सुविधा लगायत व्यक्तिगत विकास र नेतृत्व विकासका लागि आवश्यक प्रशिक्षण दिने अर्थात् Skill Development Training दिने ।
- बौद्धिक विकासका लागि आवश्यक ज्ञान दिने ।
- बौद्धिक ज्ञान सम्वन्धी पुस्तकहरू प्रकाशन गर्ने ।



स्वागत मन्तव्य गर्नुहुँदै शाक्यधिता नेपालका उपाध्यक्ष प्रफुल्ल कमल ताम्राकार



शाक्यधिता नेपालको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै सचिव मिना तुलाधर

- बौद्ध ज्ञानसंग सम्वन्धित विषयमा अनुसन्धान एवं अन्वेषण गराइने ।
- बुद्ध शिक्षा प्रचार प्रसारको लागि महिलाहरूलाई उत्साहित गर्ने ।

सचिव मीना तुलाधरले कार्यक्रममा शाक्यधिता नेपालको प्रगतिप्रतिवेदनको साथै भावी कार्य योजना पनि प्रस्तुत गर्नुभएको थियो । त्यसपछि श्रद्धेय पञ्ञासार भन्तेले प्रमुख अथितिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुभयो भने कोषाध्यक्ष श्रृजना बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा सभापतिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमांले शाक्यधिता संस्था महिलाहरूको तर्फबाट बुद्ध शिक्षा प्रचार कार्यमा एवं बुद्ध शासन चिरस्थायी क्षेत्रमा आवश्यक भूमिका निभाउन सकुन् भन्ने मनसायले श्रद्धेय दलाईलामाले हौसला दिनुभए अनुसार स्थापित संस्था हो भनी जानकारी दिनुभयो ।

यही क्रममा उहाँले यस संस्थाको नाम शाक्यधिता (शाक्यमुनि बुद्धका पुत्रीहरू) किन रहन गयो त भन्ने विषयमा कारण समेत खुलाउनु हुँदै श्रद्धेय धम्मवती गुरुमांले यस संस्थाको नामलाई सुहाउँदो तरिकाले बुद्ध पुत्रीहरूले बुद्ध शासन चिरस्थाई हुने कार्यहरू गर्नुपर्ने सल्लाह पनि दिनु भएको थियो ।

कार्यक्रमको अन्त्यमा श्रद्धेय पञ्ञासार भन्तेले पुण्यानुमोदन गर्नुभई कार्यक्रम समापन गर्नुभयो ।



मन्तव्य व्यक्त गर्नुहुँदै पञ्ञासार भन्ते



मन्तव्य व्यक्त गर्नुहुँदै गुरुमां इन्दावती



आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै श्रृजना शाक्य



परियत्ति कक्षाको प्रगती विवरण प्रस्तुत गर्नुहुँदै संयोजिका नानीकेशरी बज्राचार्य

# धर्मकीर्ति विहार संरक्षण कोषको बीसौं वार्षिक साधारण सभा

*२०८० पौष ९ गते मंगलवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषको बीसौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । कोषका अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भई उपासिका मीना तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा कोषका उपाध्यक्ष खेमावती गुरुमांले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएपछि कोषाध्यक्ष अजय तुलाधरले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । त्यसपछि धर्मकीर्ति विहारका शाखा विहारहरूबाट आ-आफ्नो विहारको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने शिलसिलामा पद्मकीर्ति विहार कमलपोखरीका कुशलवती गुरुमांले, श्रद्धाकीर्ति विहार चःमतिका श्रद्धाचारी गुरुमां, बसुन्धरा विहार बसुन्धराको प्रीतिवती गुरुमांले, निर्वाणमूर्ति विहार किम्डोल स्वयम्भूको अमृतरत्न ताम्राकारले र सुलक्षणकीर्ति विहार चोभारको धर्मकीर्ति विहार संरक्षण कोषका सहसचिव डा. रीना तुलाधरले गरी क्रमवद्ध रूपले प्रगति प्रतिवेदनहरू प्रस्तुत गर्नुभएका थिए ।

कार्यक्रमको बीचमा धम्मवती गुरुमांले ओवाद उपदेश दिनुहुँदै आफ्नो मन्तव्य पनि प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा धर्मकीर्ति विहार संरक्षणकोषका अन्य इकाईहरूबाट पनि आ-आफ्नो इकाईका वार्षिक प्रगति प्रतिवेदन यसरी प्रस्तुत गर्नुभएका थिए ।

| क्र. सं. | इकाईहरू | प्रस्तुत कर्ता |
|---|---|---|
| १ | धर्मकीर्ति पब्लिक इमेज कमिटी | पञ्ञावती गुरुमां |
| २ | धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन | प्रेमलक्ष्मी तुलाधर |
| ३ | धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा | केशावती गुरुमां |
| ४ | धर्मकीर्ति अध्ययन तथा भ्रमण | केशावती गुरुमां |
| ५ | धर्मकीर्ति पत्रिका | ध्रुवरत्न स्थापित |
| ६ | बुद्ध पूजा कमिटी | इन्द्र कुमार नकर्मी |

## श्रद्धाञ्जली सभा ... ...

परिवारजनबाट पनि श्रद्धाञ्जली अर्पण गरियो । त्यसपछि कोषका सह कोषाध्यक्ष अरुणसिद्धि तुलाधरले उपासक मोतिकाजीको नाममा लेखिएको शोक पत्र पढेर सुनाउनु भए पश्चात् उक्त शोकपत्र उहाँको सुपुत्र सिद्धार्थ शाक्यलाई प्रदान गरियो ।

कार्यक्रममा उपासक मोतिकाजी शाक्यका सुपुत्र सिद्धार्थ शाक्यले उहाँका बुबा मोतिकाजी शाक्यको परिचय र उहाँले बुद्धशासनमा पुऱ्याउनुभएको योगदान र कीर्तिहरू विषयमा उल्लेख गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा श्रद्धेय धम्मवती गुरुमांले यस संसारको त्रिलक्षण स्वभावलाई अध्ययन गरी बुझ्नुपर्ने र समयमा नै यस शिक्षालाई आ-आफ्नो जीवनमा अभ्यास गर्नका लागि ओवाद दिनुभयो ।

कार्यक्रमको अन्त्यमा दिवंगत उपासक मोतिकाजी शाक्यको सुगति एवं निर्वाण हेतुको कामनाका साथ पुण्यानुमोदन गरी कार्यक्रम सम्पन्न गरियो । ■

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र.सं. | २०८० मंसिर | बुद्धपूजा गर्नुहुने गुरूमांहरू | धर्मदेशना गर्नुहुने गुरूमांहरू |
|---|---|---|---|
| १ | १ गते संक्रान्ति, आइतवार | त्यागवती | पञ्ञावती |
| २ | ४ गते अष्टमी, बुधवार | वणवती | वणवती |
| ३ | १० गते यःमरी पुन्हि, मंगलवार | खेमावती | धम्मवती |
| ४ | १९ गते अष्टमी, विहिवार | जवनवती | जवनवती |
| ५ | २६ गते औंशी, बिहिवार | अमता | अमता |

# धर्मकीर्ति विहार संरक्षण कोषको बीसौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका विहारहरूको प्रगती प्रतिवेदन

## १) सुलक्षणकीर्ति विहार, चोभार
### २०७९/२०८० को प्रगति प्रतिवेदन

*प्रस्तुती- डा. रीना तुलाधर*

१) २०७९ साल श्रावण ५ गते भिक्षुणी डा. अनोजा गुरुमांको जन्म दिनको उपलक्ष्यमा जलपान भोजन दान ।

२) भाद्र १८ गते नेपाल बौद्ध परियत्ति शिक्षामा पास हुने विद्यार्थीहरूलाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरियो ।

३) आश्विन महिनामा वर्षावासको उपलक्ष्यमा भोजन दान गर्ने कार्यक्रममा उपासक उपासिकाहरूको सहभागी रहेको थियो ।

४) कार्तिक ५ गते शिखलापुर विहार, धुलिखेलमा कठिन दान कार्यक्रम सम्पन्न गरियो ।

५) कार्तिक ८ गते सुलक्षणकीर्ति विहारद्वारा कुलेश्वर बुद्ध विहारमा बुद्ध पूजा, धर्मदेशना, जलपान तथा भोजन दान कार्यक्रम ७० जना उपासक उपासिका सहभागी रहेको थियो ।

६) कार्तिक १५ गते सुलक्षणकीर्ति विहारद्वारा भक्तपुर दुवाकोटमा बुद्ध पूजा, परित्राण, धर्मदेशना, जलपान तथा भोजन दान कार्यक्रम ६० जना उपासक उपासिका सहभागी रहेको थियो ।

७) २०७९ मंसिर १ गते डा. अनोजा गुरुमांको ५३ औं प्रव्रजितको अवसरमा ४० जना अनाथ बालबालिकाहरूलाई लत्ता कपडा र तन्ना दान दिनुभई बालबालिका सहित सम्पूर्ण उपासक उपासिकाहरूलाई भोजन व्यवस्था गरिएको थियो ।

८) २०८० जेष्ठ ३ गते श्रद्धेय डा. अनोजा गुरुमांको असामयिक दिवंगत भयो ।

९) २०८० जेष्ठ ३ गते देखि ३ दिन चीरशान्तिको कामना गर्दै शोकसभा तथा श्रद्धाञ्जली कार्यक्रम गरियो ।

१०) २०८० जेष्ठ ५ गते दिवंगत डा. अनोजा गुरुमांको पार्थिव शरीरलाई धुलिखेल अस्पताललाई दान गरियो ।

११) २०८० जेष्ठ २४ गते त्रिरत्न कृति विहार, NIRN तथा विभिन्न संघ संस्थाबाट पनि गुरुमांको जीवनी प्रस्तुत गर्दै श्रद्धाञ्जली कार्यक्रम राखियो ।

१२) त्यस्तै गुरुमांको तिथि अनुसार प्रत्येक महिनाको कृष्णपक्ष त्रयोदशीका दिन सुनन्दावती गुरुमांबाट बुद्धपूजा, धर्मदेशना तथा भोजन दान कार्यक्रम हालसम्म गरिंदै आएका छौं ।

१३) स्व. डा. अनोजा गुरुमांको मिति २०८० असार १६ गते ४५ दिनमा भिक्षु महासंघबाट महापरित्राण पाठ कार्यक्रम सम्पन्न गरियो ।

१४) असार २१ गते International Nuns Association र सुलक्षणकीर्ति विहारका मिसा पुचःबाट गुरुमांको श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरियो ।

१५) असार १९ गते ४९ दिनमा टासी गुरुबाट गुरुमांको चीरशान्तिको कामना गरी पाठ गरियो ।

१६) प्रत्येक महिनाको २ पटक प्रतिपदा तिथिमा बुद्ध पूजा लगायत धर्मदेशना साथै सबै उपासकोपासिकाहरूलाई जलपान तथा भोजन गराउँदै आएको जानकारी गराउँदछौं ।

## २) निर्वाणमूर्ति किम्डोल विहार
### आर्थिक वर्ष २०७९/८० को प्रगति प्रतिवेदन

*प्रस्तुती- अमृतमान ताम्राकार, विहार सचिव*

१) विहारका संस्थापक श्रद्धेय धर्मचारी गुरुमांको पुण्य तिथिसंग मिलाई प्रत्येक महिनाको कृष्णपक्ष त्रयोदशीका दिन विगत साँढे दुई दशक देखि सञ्चालन गरी आएको मासिक बुद्ध पूजा भोजन दान कार्यक्रम अविछिन्न रूपमा सम्पन्न भयो ।

२) विहारको वार्षिक कार्य सूचीमा रहेका अन्य कार्यक्रमहरू मध्ये प्रत्येक महिनाको ७ गते आनन्दकुटी विहारका भिक्षु महासंघलाई विहारमा निमन्त्रणा गरी गरिने संघ दान, जेष्ठ पूर्णिमाको मध्यरातमा महासमय सुत्त पाठ, २०७९ र २०८० को बाला चतुर्दशीका दिन दिनभरी मेत्त सुत्त पाठ, जलपान तथा भोजन दान आदि विहारको नियमित कार्यक्रम विगतमा झैं सम्पन्न भयो ।

३) पूजाको सिलसिलामा बिगत १७ वर्षदेखि पूज्य भिक्षुणी धम्मवती गुरुमांको शुभजन्मोत्सवको उपलक्ष्यमा गुरुमांको सुस्वास्थ्य एवंम् आयुआरोग्यको कामना गरी २०८० असार २८ गते ३० सम्म ३ दिन लगातार पट्ठान पालिका पाठ, संक्षिप्त धर्मदेशना तथा जलपान भोजनदानको कार्यक्रम सम्पन्न भयो ।

# धर्मकीर्ति विहार संरक्षण कोषको बीसौं वार्षिक साधारण सभाको झलकहरू


ओवाद दिनुहुँदै
श्रद्धेय धम्म्वती गुरुमां


सुलक्षणकीर्ति विहारको प्रगति
प्रतिवेदन प्रस्तुत गर्नुहुँदै
डा. रीना तुलाधर


कार्यक्रम सञ्चालन गर्नुहुँदै
मीना तुलाधर


पद्मकीर्ति विहारको प्रगति
प्रतिवेदन प्रस्तुत गर्नुहुँदै
गुरुमां कुशलावती


बसुन्धरा विहारको प्रगती
विवरण प्रस्तुत गर्नुहुँदै
गुरुमां प्रीतिवती


श्रद्धाकीर्ति विहारको प्रगती
विवरण प्रस्तुत गर्नुहुँदै
गुरुमां श्रद्धाचारी


वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै
प्रफुल्ल कमल ताम्राकार


आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै
अजयरत्न स्थापित


निर्वाणमूर्ति किम्डोल विहारको
प्रगती विवरण प्रस्तुत गर्नुहुँदै
उपासक अमृतमान तुलाधर

४) चालु वर्ष २०७९ बौद्ध परियत्ति परीक्षामा यस निर्वाणमूर्ति परियत्ति शिक्षा केन्द्रबाट सामिल भई उत्तिर्ण भएका १५ जना परीक्षार्थीलाई मिति २०८० श्रावण २७ गते पुरस्कार वितरण भयो ।

५) यसवर्ष विहार संरक्षण समितिको प्रत्येक महिनाको हुने कार्य समितिको बैठक भौतिक रूपमा भेला भइरहेको छ ।

विगत वर्षहरूमा झैं महाथेरीहरू (गुरुमां) लाई पूजा गरी सम्मान गर्ने महाथेरी पूजाको लागि आवश्यक सबै सामाग्रीहरू तयारी भइसकेको हुँदा उपयुक्त व्यवस्था मिलाए पछि सम्पन्न गरिने भएको छ ।

### ३) पद्मकीर्ति विहार

### आर्थिक वर्ष २०७९/८० को प्रगति प्रतिवेदन

*प्रस्तुती- कुशलवती गुरुमां*

१) दिवंगत श्रद्धेय कमला गुरुमांबाट स्थापित यस पद्मकीर्ति विहार कमलापोखरी हाम्रो पुजनीय धम्मवती गुरुमांको संरक्षण र निर्देशनमा धर्मकीर्ति विहारको शाखाको रूपमा सञ्चालन भइरहेको छ । यस विहारको २०८० सालको वार्षिक गतिविधिहरू निम्न अनुसार रहेको छ ।

२) यस वर्ष २०७९ साल वैशाख नयाँ वर्षको प्रारम्भमा कमलपोखरी, नक्साल र कमलादी सम्म देवदहको लागि ३० जना गुरुमांहरूको भिक्षाटन सम्पन्न भयो साथै गुरुमांहरूलाई भोजन दान पद्मकीर्ति विहार पुचःबाट सम्पन्न भयो ।

३) नयाँ वर्षको उपलक्ष्यमा विहारको साविक बुद्ध पूजा साप्ताहिक कार्यक्रमहरू नियमित हुँदै आएकोमा वैशाख महिनामा ध्यान कार्यक्रम सञ्चालन भयो ।

४) स्वाँया पुन्हिको उपलक्ष्यमा कमलपोखरी, लाजिम्पाट क्षेत्रहरूमा विहारको आयोजनामा ५ जना गुरुमांहरूको भिक्षाटन कार्यक्रम सफलताका पूर्वक सम्पन्न भयो ।

५) हरेक वर्ष झैं विहारका संस्थाविका श्रद्धेय कमला गुरुमांको वार्षिक पुण्यतिथिमा गुणानुस्मरण गरी भन्ते गुरुमांहरूद्वारा बुद्धपूजा, परित्राण पाठ, धर्म उपदेश, भोजन दान, दानप्रदान र उपस्थित सबैलाई भोजन दान सम्पन्न भयो ।

६) बौद्ध स्थल तिर्थाटन भ्रमणको कार्यक्रम अनुसार पौष महिनामा श्रीलंका भ्रमण कार्य सम्पन्न भएको जानकारी गराउँदछौं ।

७) यस वर्ष पनि वर्षावासको ३ महिना अवधि भर ZOOM, FACEBOOK Online बाट उपासक उपासिका सम्मिलित गराई दैनिक रूपमा बुद्धपूजा, उपदेश र तीन सूत्र पाठ नियमित रूपमा सञ्चालन भयो ।

८) यस वर्ष विहार भ्रमणमा बनेपा, ध्यानकुटी विहार, बोधिचर्या विहार, चन्दकीर्ति विहार, पूर्वाराम विहार र सिखलापुर विहारहरूमा भ्रमण गरी बुद्ध पूजा र जेष्ठ भन्तेलाई दान प्रदानको कार्य सम्पन्न भयो ।

९) कमलपोखरी विहार पद्मकीर्ति विहार कठिन पुचः दाताहरूबाट लुम्बिनीमा अवस्थित महिन्द्र विहारमा भव्यताका साथ कठिन दान सम्पन्न भयो ।

### ४) श्रद्धाकीर्ति विहार, चःमती

### आर्थिक वर्ष २०७९/८० को प्रगति प्रतिवेदन

*प्रस्तुती- श्रद्धाचारी गुरुमां*

१) बुद्धपूजा र परित्राण पाठ (नियमित)
२) प्रत्येक महिनाको ४ गते संघदान ।
३) प्रौढ एवं बालिका ऋषिणी प्रव्रज्या कार्यक्रम ।
४) धम्मपद पाठ (विहारको जन्मदिनको उपलक्ष्यमा) ।
५) महापरित्राण पाठ (हरेक चैत्रमहिनामा)
६) स्वयम्भू आनन्दकुटी विहार मुनि रहेको मसानघाट (दीप) मा सरसफाई गरी प्रत्येक महिनाको २० गतेका दिन बुद्धपूजा गर्ने निर्णय गरियो ।

### ५) धर्मकीर्ति बसुन्धरा विहार

### २०८० सालको प्रगति प्रतिवेदन

प्रस्तुती- प्रीतिवती गुरुमां

१) प्रत्येक तृतीया तिथि (१५ दिनको १ पटक) बुद्धपूजा, धर्मदेशना र परित्राण पाठ
२) गुलाँ धर्मदेशना – पट्ठान पाठ
३) अभिधम्म पाठ
४) ऋषिणी प्रव्रज्या
५) बौद्ध परियत्ति शिक्षा विहारमा अध्यापनका साथै ZOOM बाट पनि क्लास
६) हरेक दिन ZOOM बाट पनि बुद्धपूजा, धर्मदेशना र ध्यान कार्यक्रम
७) परियत्ति विद्यार्थीहरूलाई ध्यान
८) धार्मिक भ्रमण
९) दुर्गम स्थानमा लत्ताकपडा संकलन गरी दान
१०) बृद्धाश्रमहरूमा दान प्रदान

## ६) धर्मकीर्ति पब्लिक इमेज कमिटी
## २०८० सालको प्रगति प्रतिवेदन


*प्रस्तुती- पञ्ञावती गुरुमां*

२१ औं शताब्दीको आधुनिक समयमा अडियो तथा भिडियोको माध्यमबाट बुद्धशिक्षा प्रचार-प्रसार गर्न वि.सं. २०४१ मा "धर्मकीर्ति पब्लिक इमेज कमिटी" गठन गरिएको थियो । यस कमिटीले भन्ते गुरुमांहरूको प्रवचनलाई अडियो तथा भिडियोको सि.डी. र भि.सि.डी. मा प्रस्तुत गरिएका विषयहरू यसरी छन्–

१) प्रातः वन्दना
२) परित्राण माला
३) मांया गुण
४) धम्मवती गुरुमांको इमेज च्यानलबाट प्रसारित २८ भागको प्रवचन संग्रह
५) धम्मवती गुरुमांका. अभिधर्म देशना ३२ चक्का (हाल धम्म डिजिटलले यु टुबमा राखिएको छ)
६) सच्च विभंग सूत्त
७) परियत्ति कक्षा-१ को पाठ्यपुस्तक
८) प्रतीत्य समुत्पाद
९) त्रिरत्न वन्दना
१०) धर्मदेशना आदि प्रकाशन गरेको पाइन्छ ।

कोविदको समयमा धर्मकीर्ति फेसबुक पेज खोली धर्मकीर्ति विहार अन्तर्गतको विभिन्न कार्यक्रम महिनाको ५ पटक हुने बुद्ध पूजाको धर्मदेशना प्रत्यक्ष प्रसार गर्दै आइरहेको छ । यस कार्यक्रमले धेरैलाई लाभान्वीत भएको देखिन्छ । आर्थिक खर्च श्रद्धालु उपासक उपासिकाहरूको दानबाट नै भइरहेको छ । ■

# सार्वजनिक भाषण तालिम (PUBLIC SPEAKING TRAINING)



*सार्वजनिक भाषण तालिममा सहभागी गुरुमांहरू*

*२०८० पौष २८ र २९ गते*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*



*ओवाद दिनुहुँदै श्रद्धेय धम्मवती गुरुमां*

धम्मवती धम्म प्रशिक्षण परियोजनाको आयोजनामा दुईदिने सार्वजनिक भाषण तालिम सम्पन्न भएको छ । प्रशिक्षिका प्रफुल्ल कमल ताम्राकार र कीर्ति तुलाधरले प्रशिक्षण दिनुभएको उक्त प्रशिक्षण कार्यक्रममा ३१ जना प्रव्रजित गुरुमांहरूले प्रशिक्षण (तालिम) लिनु भएका थिए । कार्यक्रमको समापन दिनमा श्रद्धेय धम्मवती गुरुमांले ओवाद उपदेश दिनुहुँदै गृहस्थ होस्, प्रव्रजित जीवन बिताइरहेका त्यागीहरू होस् सबैले आ-आफ्नो मति राम्रो पार्नु पर्ने सल्लाह दिनु भएको थियो ।

कार्यक्रमको अन्त्यमा प्रशिक्षकद्वयलाई र प्रशिक्षार्थीहरू सबैलाई उपहार पनि प्रदान गरिएको थियो । अन्त्यमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।



*सार्वजनिक भाषण तालिम दिने क्रममा प्रशिक्षकद्वय प्रफुल्ल कमल ताम्राकार र कीर्ति तुलाधर*

# धर्मकीर्ति ज्ञानमाला भजन

धर्मकीर्ति विहार, श्रीघः नःघल, काठमाडौं

## आय-व्यय विवरण

### आर्थिक वर्ष २०७९/२०८०

| आम्दानी तथा दायित्व | | | खर्च तथा दायित्व | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | रकम | क्र.सं. | विवरण | रकम |
| १ | गत वर्ष सम्मको बैंक मौज्दात | | १ | गुरु पूजा खर्च | ८०००/- |
| | क) वज्र बहुउद्देश्यीय सहकारी बचत खाता | ६१४५८/७५ | २ | समवेदना | ४०००/- |
| | ख) वज्र बहुउद्देश्यीय सहकारी मुद्दति खाता | ३६५०००/- | ३ | राष्ट्रिय ज्ञानमाला दता शुल्क | ६७९०/- |
| | ग) एलिट सहकारी बचत खाता | ३२५०१२/३८ | ४ | चिया खर्च | ७४६०/- |
| | घ) एलिट सहकारी मुद्दति खाता | – | ५ | माइक खरिद | ९८००/- |
| | ङ) कुबेर बैंक लिमिटेड | १३०७/२० | ६ | यातायात तथा ढुवानी | १३२००/- |
| | च) शुभ गणपति सहकारी बचत खाता | ६८५७५/- | ७ | पारिश्रमिक | २५००/- |
| | छ) शुभ गणपति सहकारी मुद्दती खाता | १९६८२४/- | ८ | आर्थिक सहयोग | १७०००/- |
| २ | सानो नगदी कोष | २१००/- | ९ | यस वर्षको बैंक मौज्दात | |
| ३ | जिन्सी मौज्दात | ६६९५०/- | | क) बज्र बहुउद्देश्यीय सहकारी बचत खाता | ९७१६२/७५ |
| ४ | व्याज प्राप्त | | | ख) बज्र बहुउद्देश्यीय सहकारी मुद्दति खाता (१७५०००, १४०००० र ५००००) | ३६५०००/- |
| | क) बज्र बहुउद्देश्यीय सहकारी बचत खाता | ४५७२/- | | ग) एलिट सहकारी बचत खाता | १३३१२५/६८ |
| | ख) बज्र बहुउद्देश्यीय सहकारी मुद्दति खाता | ४११३२/- | | घ) एलिट सहकारी मुद्दती खाता | – |
| | ग) एलिट सहकारी बचत खाता | १३११३/३० | | ङ) कुबेर बैंक लिमिटेड | १३०७/२० |
| | घ) एलिट सहकारी मुद्दति खाता | | | च) शुभ गणपति सहकारी बचत खाता | १५४३६३/- |
| | ङ) कुबेर बैंक लिमिटेड | – | | छ) शुभ गणपति सहकारी मुद्दती खाता (२२०१८५ र १०००००) | ३२०१८५/- |
| | च) शुभ गणपति सहकारी बचत खाता | २४४७/- | १० | सानो नगदी कोष | २१००/- |
| | छ) एलिट सहकारी मुद्दती खाता (२३३६१ र ११७४१) | ३५१०२/- | ११ | जिन्सी मौज्दात ६६९५०/- बिक्री घटाएर (१५२२५/-) | ५१७२५/- |
| ५ | आर्थिक सहयोग प्राप्त | १०१२५/- | | | |
| | **जम्मा** | **११९३७१८/६३** | | **जम्मा** | **११९३७१८/६३** |

*नोटः एलिट सहकारी संस्थाको कार्यालय बन्द भएको हुँदो २०८० असार मसान्तमा स्टेटमेन्ट सङ्कलन गर्न नसकेकोले हामीसंग भएको २०७९ चैत्र मसान्त सम्मको स्टेटमेन्टमा देखिएको व्याज मात्र आम्दानी गरिएको छ र २०८० जेठ २६ गते चेकबाट झिकेको रकम रु. १,२५,०००/- चाहिँ घटाइएको छ ।*

प्रेमलक्ष्मी तुलाधर
*सचिव*

बुद्धरत्न कंसाकार
*कोषाध्यक्ष*

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



जन्मः
बि.सं. १९९९ जेठ ३ गते,
पारु

दिवंगतः
बि.सं. २०८० पौष १
गते (विवाह पञ्चमी)

# दिवंगत कमल शोभा ताम्राकार

धर्मकीर्ति पूर्णहेरा भोजन पुचःया दुजः उपासिका **कमल शोभा ताम्राकार** ८१ दँया बैंशय् दिवंगत जुयादिल । थःगु जीवनय् वय्कलं गुलिनं दुनुगलं निसें भिंभिंगु ज्या यानादिल, उकीया पुण्य शक्तिं वय्कःयात भिंगु गति प्राप्त जुयाः याकनहे निर्वाणया हेतु नं चूलाय्मा धकाः आशिका यासे पुण्यानुमोदन यानाच्वना ।

उपासिका कमल शोभाया परिवारया दुजःपिन्सं नं भगवान् बुद्धं कनाबिज्याःगु संसारया स्वंगु स्वभाव (अनित्य, दुःख व अनात्म) यात सीकाः थ्वीकाः धैर्य धारण याय्फय्मा धकाः नं कामना यानाच्वना ।

भगतु सब्ब मंङ्गलम् ।

## धर्मकीर्ति पूर्णहेरा भोजन पुचः

### धर्मकीर्ति विहार

श्रीघः नःघः यैं ।

*आवरण चित्र परिचयको बाँकी अंश ... ...*

पुग्यो । राजकुमार उक्त उद्यान बेच्न चाहेका थिएनन् । त्यसैले उक्त उद्यान नबेच्नको लागि उनले उक्त उद्यानको मूल्य उद्यान भरीको भूमीमा सुनको सिक्का बिछ्याउनुपर्ने सर्त राखे ।

अनाथ पिण्डकले जेतराजकुमारको मनसाय बुझ्ने बित्तिकै उसले उद्यानको मूल्य तोकेको दर आफूलाई स्वीकार्य भएको जाहेर गर्दै उक्त उद्यानमा सुनका सिक्काहरू बिछ्याउन लगाए । उद्यानका सबै भूमीमा एक किनाराबाट अर्को किनारासम्म सुनका सिक्काहरू बिछ्याइयो । गाडामा सुन भर्दै ल्याइयो । भूमीमा उक्त सिक्काहरू बिछ्याउँदै गयो ।

जहाँ भगवान् बुद्धले धर्म सिकाउने कार्य गर्नुहुन्छ, उक्त तपोभूमीको मूल्य यति उति भनी निर्धारण गर्न सकिँदैन । यस्तो अमूल्य भूमीमा सुनका सिक्काहरू बिछ्याई उक्त भूमी धर्मको क्षत्रमा दान दिने उत्सुकता जगाउँदै अनाथपिण्डकको मन प्रशन्न र प्रफुल्लित भइरहेको थियो ।

जेत राजकुमारले यो दृश्य हेर्दै अचम्म परिरहेका थिए । उक्त जमीनको एक कुना सुनको सिक्का भर्न बाँकी नै रहेको थियो । अनाथ पिण्डिकले उक्त कुनामा सुनका सिक्काहरू भर्नका लागि सिक्का ल्याउने आदेश दिँदैथिए । तर यही क्रममा जेत कुमारले अनाथपिण्डिकको हात समात्दै भन्न थाले– "बस ! गृहपति अब यस खाली जग्गामा अर्को सुनका सिक्काहरू बिछ्याउन पर्दैन । यति जग्गा मेरो तर्फबाट दान भयो । अनाथपिण्डिकले जेतकुमारको यस मनोकामना स्वीकार गऱ्यो ।

(चूलब ३०४-३०७, अनाथपिण्डिकवत्थु)

अनाथपिण्डिकले यस बहुमूल्य धरतीमा विहार, कोठा, सभागृह बनाउन लगाए । पानी तताउनका लागि अग्निशालाहरू पनि बनाउन लगाए । त्यस्तै भण्डारघर, पाइखाना, खुला चंक्रमण, चंक्रमण शालाहरू, पानीघर, कुवा, स्नानघर, बगैंचा र मण्डप आदि आवश्यक स्थानहरूको निर्माण गर्न लगाए । यस स्थानमा हजारौं भिक्षुहरू र साधक-साधिकाहरू भगवान् बुद्धको सान्निध्यमा रही सुविधापूर्वक रही ध्यान गर्न सकुन् । भगवान् बुद्धका यस परम श्रद्धालु, गृहस्थ शिष्यले दानको इतिहासमा एक अतुलनिय समुज्ज्वल कीर्तिमान स्थापना गरे । त्यसैले भगवान् बुद्धले अनाथपिण्डिकलाई दान क्षत्रमा अग्र उपासकको उपाधि प्रदान गर्नुभयो । ■




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ।।
यही नै बुद्धको उपदेश हो ।

बिश्व मोटर ट्रेडर्स
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# सतिपट्ठान ध्यान शिविर सम्पन्न




*सतिपट्ठान ध्यान शिविरमा सहभागी हुनुभएका प्रव्रजित गुरुमांहरू*

*२०८० पौष १२ देखि २१ गतेसम्म*
*स्थान- गोदावरी नगरपालिका–२,*
*कोटडाँडा धम्मागार, ललितपुर*

अन्तर्राष्ट्रिय भिक्षुणी संघको आयोजनामा वरिष्ठ विपश्यनाचार्य सुजाता गुरुमांबाट सञ्चालित तेस्रोपटकको सतिपट्ठान ध्यान शिविरमा उक्त संघबाट पन्ध्र जना प्रव्रजित गुरुमांहरू सहभागी हुनुभई सफलतापूर्वक उक्त ध्यान शिविर सम्पन्न गरिएको छ।

उक्त ध्यान शिविरमा सहभागी हुनुभएका गुरुमांहरू यसरी हुनुहुन्छ –

१) अनुपमा २) रूपशीला ३) दानवती ४) त्यागवती ५) मेत्तावती ६) सुचिता ७) इन्दावती ८) वीर्यवती ९) सुमेधावती १०) शुभथेरी ११) श्रद्धागौतमी १२) चम्पावती १३) धम्मधज १४) धम्मत्राणी १५) शुद्धावती




*शाक्यधिता नेपालको बाह्रौं वार्षिक साधारणसभा सम्पन्न पश्चात् समूह भेला*

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८०/०८१)

# साधुवाद !!!



*जन्म :*
बि.सं. १९५७ आश्विन
कृष्ण तृतीया

*दिवंगत :*
बि.सं. २०३६ पौष शुक्ल
द्वादशी

## दिवंगत उपासिका हीराथकुं शाक्य

धर्मकीर्ति पत्रिका वर्ष ४१, अङ्क १० को रङ्गिन कभर पेज (४ पन्ना)
दिवंगत उपासिका **हीराथकुं शाक्य (भिक्षुणी धम्मवती गुरुमांकी आमा)**
को पुण्य स्मृतिमा धम्मवती गुरुमां सहित उहाँका सपरिवारले
धर्मदान गर्नुभएको छ ।

धर्मदान गरी सञ्चय गरिएको पुण्य शक्तिले दिवंगत हुनुभएका
उपासिका **हीराथकुं शाक्य** लगायत सम्पूर्ण पितृजनहरूको सुगति एवं
निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको छ ।

साथै धर्मदान गर्नुहुने दाता परिवारको आयु आरोग्य एवं निरोगी कामना गर्दै
उहाँहरूले बुद्ध शिक्षा अभ्यास गर्दै आ-आफ्नो जीवन सफल पार्न सकुन् भन्ने
कामना गरी धर्मदानको लागि साधुवाद व्यक्त गरिएको छ ।

॥ भवतु सब्ब मंगलम् ॥

## धर्मकीर्ति पत्रिका परिवार

### धर्मकीर्ति विहार

श्रीघः नघः, काठमाडौं

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com